Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- ५, २०८३ साल भदौ ९ गते मंगलबार (August 125, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

## देउवाले पुनः जगाउलान् त
# राष्ट्रिय मेलमिलाप नीति ?





**मोहन कार्की**

नेपालमा यतिवेला राजनीतिक भौतिक रुपमा द्वन्द्व नभएपनि मानसिक रुपमा राजनीतिक अस्थिरता बढेर गएको जस्तो भान हुन थालेको छ। नेपालमा २०६२/६३ को जनआन्दोलपछि २०७२ सालमा संविधान बनेर २०७४ सालको स्थानीय , प्रदेश, संघको निर्वाचन भएर नयाँ प्रसाशनिक संरचनामा काम हुदै आएको छ । संविधानमा केही आरक्षणका व्यवस्थाहरु गरिएका छन् । समावेशीका आरक्षणहरु तोकिएका छन् । धार्मिक विषयमा धर्म निरपेक्ष भनेर उल्लेख गरिएको छ। समाजवाद उन्मुख राष्ट्र पनि उल्लेख छ । यिनै विषयहरु मध्य धेरै विवाद भएको गणतन्त्रात्मक व्यवस्था राजतन्त्र मान्ने समूहरुले संविधान जारी गर्दा देखिनै आपत्ति जनाउदै आएका छन् । मधेसवादी दल त्यतिवेलाको जनअधिकार फोरमले संविधान जारी गरेको केही दिनमा नै जलाएर विरोध गरेको थियो ।

२०७९ को निर्वाचन समेत सफलतापूर्वक सम्पन्न गरी देश स्थाई सरकारको गतिमा गईरहेको वेला जेन्जी आन्दोलन भड्कीएर रक्तपात तथा अराजकताको पराकाष्ठ नाघेर नेपालका मानवीय तथा भौतिक सरचनाको क्षति भएपछि अतालिएको नेपाली समाज सगालिन अझै सकेको छैन । हुनत २०८४ मा अध्यावधिक हुनुपर्ने निर्वाचन २०८२ मै »बाकी ६ पृष्ठमा

## जन आकाश मिडियाको १९ औं वार्षिकोत्सव भव्य रुपमा सम्पन्न



काठमाडौं- जनआकाश मिडियाको १९औ वार्षिकोत्सव साउन ३१ गते भव्य रुपमा सम्पन्न भएको छ ।

जनअकाशका प्रधान सम्पादक मोहन कार्कीको सभापतित्मा प्रमुख अतिथि पूर्व उपसभामुख तथा प्रतिनिधिसभा सदस्य ईन्दिरा रानामगरको प्रमुख आतिथ्य, प्रेस काउन्सिल नेपालका निवर्तमान सदस्य शान्तराम विडारी विशेष अतिथि र नेपाल व्यापार संघका अध्यक्ष गिरिराज पोखेल, सगरमाथा आरोहन संघका अध्यक्ष, नेपाल जडिबुटी व्यवसायी संघका अध्याक्ष बिष्णु भण्डारी, वरिष्ठ पत्रकार भरत ढकाल, सुसेली प्रबर्धक दुर्गा अधिकारी भमरकोटे, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुर्य सुवेदी लगायतको आतिथ्यमा भव्य कार्यक्रम भएको हो ।

कार्यक्र राष्ट्रिय गीतवाट शुरु भएको थियो । उक्त कार्यक्रममा कविता, गीत, सुसेली बाचन गरेर रमाईलो गरिएको थियो भने बिभिन्न विद्यामा योगदान पुऱ्याएका व्याक्तित्वहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि लगायत विशेष अतिथि, अतिथिहरुले जन आकाश मिडियको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना दिएका थिए । कसैले कवितावाट, कसैले गीतवाट कसैले सुसेली गाएर चर्चित गायक गोविन्द मधुर, बिष्णु परियार अन्य प्रतिभाहरुले कार्यक्रमलाई भव्य बनाएका थिए ।

दिपेश एसके र प्रतिमा राईले स्वदेशगानमा »बाकी ६ पृष्ठमा

## अबको ३५ वर्ष योजना बनाउनुपर्ने छ : लामिछाने



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफूले विगतमा पाएको प्रधानमन्त्री बन्ने अवसरभन्दा देश र राजनीतिक परिवर्तनको अपेक्षालाई प्राथमिकता दिएको बताएका छन् । उनले २१ सिटको दलको नेतृत्व गरिरहेको अवस्थामा आफूलाई प्रधानमन्त्री बन्नका लागि आफ्नो हस्ताक्षर मात्रै बाँकी रहने गरी प्रस्ताव आएको भए पनि त्यसलाई स्वीकार नगरेको दाबी गरेका छन् ।

रास्वपाको नीति, संगठन तथा नेतृत्वसम्बन्धी कार्यशालामा पार्टीका केन्द्रीय सदस्य तथा नेताहरूलाई सम्बोधन गर्दै लामिछानेले आफूले प्रधानमन्त्री पदलाई अस्वीकार गर्नु आफ्नो राजनीतिक यात्राको महत्वपूर्ण निर्णय भएको बताए । उनका अनुसार त्यतिबेला प्रधानमन्त्री बन्ने अवसर स्वीकार गरेको भए केही महिनाका लागि सरकारको नेतृत्व गर्ने र सिंहदरबारमा आफ्नो तस्वीर झुन्डिनेबाहेक ठूलो उपलब्धि नहुने अवस्था बन्न सक्थ्यो । लामिछानेले भने, "म २१ सिटको दलको नेता हुँदा प्रधानमन्त्री बन्नका निम्ति मेरो मात्रै हस्ताक्षर बाँकी राखेर प्रस्ताव आएको थियो ।" उनले त्यतिबेला प्रधानमन्त्री बन्नुभन्दा आन्दोलन, जनताको आशा र नयाँ राजनीतिक नेतृत्वप्रतिको भरोसालाई प्राथमिकता दिएको बताए । आफ्नो निर्णयप्रति पछुतो नरहेको बताउँदै उनले आफूले 'किस्तीमा आएको प्रधानमन्त्री पदलाई हाँसीहाँसी नमस्कार' गरेको बताए ।

उनले राजनीतिमा पद प्राप्त गर्नु मात्रै उपलब्धि नभएको उल्लेख गर्दै आवश्यक पर्दा नेता तथा कार्यकर्ताले त्याग गर्न तयार हुनुपर्ने धारणा राखे । आफूले केही गर्न नसके पनि कम्तीमा गलत काम नगर्न सकिने भन्दै लामिछानेले राजनीतिक नेतृत्वलाई जिम्मेवार बन्न आग्रह गरे ।

यसै क्रममा उनले नेपालको राजनीतिमा विगतका ३५ वर्षलाई लिएर निरन्तर आलोचना र आरोप-प्रत्यारोप गरिरहने समय सकिएको बताए । अब पुराना दल र नेताहरूलाई विगतका कमजोरी देखाएर मात्रै आफूलाई राम्रो देखाउनेभन्दा आगामी ३५ वर्षका लागि स्पष्ट »बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ५,
२०८३ साल भदौ ९ गते मंगलबार
25 AUGUST 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# स्वदेशी अटो उद्योगको स्थापना गर्ने तयारी गर

नेपालमा सवारी साधनसँग सम्बन्धित नाडा अटो शो पछिल्लो समय प्रत्येक वर्ष हुदै आएको छ । यो वर्ष नाडाले ५० वर्ष पुगेको उपलक्ष्यमा भव्य तयारी नै गरेको छ । वार्षिक झण्डै ४ अर्ब जतिको सवारी साधन सम्बन्धि व्यापार हुने नाडा एसोसिएसनले बताउदै आएको छ ।

विगतमा नेपालको स्रोत साधन अपुग भएका कारण स्वदेशमा नै सवारी साधन उत्पादन गर्ने कल कारखानाहरू स्थापना भएका थिएनन् । एउटा मस्ताङ नामको सवारी उत्पादन गर्न खोजिएको थियो तर पछि त्यो सञ्चालन हुन सकेन । यतिवेला धेरै जति ईलेक्ट्रोनिक अर्थात विद्युतिय सवारी साधनहरूको माग नेपाला बढ्दै गएको छ । नेपालमा सरकारले उपयुक्त ठाउमा जग्गा उपलब्ध गराउन नसकेको कारण उद्योग खोल्न समस्या छ भन्दै नेपालका सवारी साधन बिक्री गर्दै आएक व्यवसायीले गुनासो गर्दै आएका छन् । यतिवेला नयाँ सरकार छ । नयाँ सरकारले पुराना पार्टीको नेतृत्वाट सरकार सञ्चालन हुदा यि यस्तै समस्याहरू सावधान भएन भनेर नै यो जेन्जीको आन्दोलनवाट आएको जनमतको सरकार बनेको हो ।

त्यस कारण विज्ञान र प्रविधिको क्षेत्रमा काम गर्न भनेर डा. माहाविर पुनलाई विज्ञान तथा नवप्रबर्धन मन्त्रालय नै स्थापन गरेर काम गर्ने गरी मन्त्रालयको स्थापना भएको छ । त्यसकारण सम्बन्धित जस्तै सवारी साधन बिक्री गर्दै आएका व्यवसायीहरू, नेपाल सरकार अर्न्तगत सम्बन्धित मन्त्रालय, बिभागहरू सहितको संयुक्त पहलमा नेपालले पनि आफ्नै सवारी साधन उत्पादन गर्न सक्छ भन्ने विश्वासको वातावरण बनाएर नेपालमै सवारी साधन उत्पादन गर्ने तयारी गर्न लाग्नुपर्ने देखिन्छ ।

त्यसकारण अरूको देशमा एडभान्स दिएर सवारी साधन ल्याएर बिक्री गरेर मात्र देशको प्रचुर विकास गर्न सकिदैन । देशको प्रचुर विकास गर्न आफ्नै देशमा उद्योग कलकारखान स्थापना गरेर धेरैलाई रोजगार र ठूलो स्केलको व्यापार गर्न सकेमा नेपालले पनि अन्तराष्ट्रियस्तरमा काम गर्न सक्छ । त्यसैले सवरी साधन उत्पादन गर्ने उद्योगको स्थापना गर्न सम्बन्धित पक्ष लागोस् ।

# नेपाली साहित्यमा छुपेका शीत



● तेजप्रकाश बानियाँ

विद्वान साहित्यकार पुष्कर अथक रेग्मी पाल्पा जिल्लाको श्री नगर, तानसेनमा जन्मनु भई पाल्पालाई नै कर्मथलो बनाई तानसेन बहुमुखी क्याम्पस मा लामो समयदेखि प्राध्यापन पेशामा संलग्न रहदै क्याम्पस प्रमुखको कार्यभार पनि सम्हाल्दै आउनुभएको छ । उहाँ नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा शिक्षाविदको रुपमा सम्मानित पनि हुनुहुन्छ । प्राध्यापन जस्तो व्यस्त र महत्वपूर्ण क्षेत्रमा रहेर पनि एक दर्जनभन्दा बढी सामाजिक संस्था एवम् शिक्षा र साहित्यसँग सम्बन्धित समाज, सोसाइटी प्रतिष्ठानहरुमा आबद्ध हुनुहुछ । अनुसन्धान र खोजमूलक काममा लागिरहन रुचाउने रेग्मीले नेपाली काव्य साहित्यको विधामा धेरैजसो प्रयोगमा नआई सुसुप्त अवस्थामा रहेको नेपाली काव्य साहित्यमा दुइ अक्षरी, जम्मा चार भेदमात्र भएको लघुतम विधा 'शीत' रचना विधान को पुस्तक '**अर्घ्य**' अध्ययन गर्ने अवसर पाएँ । प्रस्तुत विषय साहित्यको काव्य विधासँग सम्बन्धित भएको र उदाहरणमा प्रयोग भएका सबै शब्द दुइ अक्षरी काव्यसँग सम्बन्धित भएको र यसमा प्रवेश गर्नं पहिले छन्दको सामान्य जानकारी लिन उचित ठान्दछु । छन्दको प्रयोग कहिले देखि भयो भन्ने सम्वन्धमा ऋगवेदमा उल्लेख भएअनुसार विराट यज्ञबाट छन्दहरु उत्पन्न भएका हुन् । छन्दलाई वेदको अङ्ग मानिएको छ । कुन अङ्ग भन्ने सम्बन्धमा आचार्य पाणिनीले 'पाउ' भनी लेखेका छन । यसबाट वैदिक कालदेखि नै बेदसँगै छन्दको प्रादुर्भाव भएको देखिन्छ । आचार्य पिङ्गलले छन्दको आविस्कार गरेका हुन् । उनले छन्द सुत्रको रचना गरी छन्दका नियमहरुलाइ व्यवस्थित गरेकाले छन्दलाई पिङ्गलशास्त्र पनि भनिन्छ । छन्दहरु अनगिन्ती छन् । तर प्रयोग कर्ताको आवश्यकता अनुसार मात्र प्रयोगमा आइरहेका छन् । छन्दहरु एक अक्षरबाट सुरु भएर शब्दले मागे अनुसार अक्षरको हुन्छन् । प्रयोगमा भएका छन्दहरु मध्य दैनिक बोलीचाली र लेखाइमा एक अक्षरबाट खास शब्दहरु निर्माण गर्न नसकिने हुन्छ । तर दुइ अक्षरी छन्दबाट तयार गरिएको काब्य पनि अहिले सम्म प्रकाशनमा आएको देखिएको छैन । यसरी सुसुप्त अवस्थामा रहेको विधालाई पाठक सामु ल्याउने उद्देश्यले साधक पुष्कर अथक रेग्मीले बडो मिहिनेतका साथ अध्ययन गरी वैदिक शास्त्रद्वारा प्रतिपादित दुइ अक्षरी छन्दको शास्त्रीय दायरा भित्र रही, रचना नियम सहित साहित्य, सर्जक एवम् साहित्य प्रेमी र पाठक तथा शंकलकहरु समेतले बुझ्न सजिलो पुस्तकको रुपमा '**अर्घ्य**' हात परेको छ । साहित्यका धेरै विधामा कलम चलाई करीब दुइ दर्जन कृति प्रकाशन गरी नेपाली साहित्यको श्री बृद्धिमा बिशिष्ट योगदान पुऱ्याउनद्र भएका साधक रेग्मीले २०७८ साल आषाड महिनादेखि पाल्पा जिल्ला तानसेन श्रीनगर क्षेत्रबाट चतुष्पदी लघुतम काव्य उपबिधा दुइ अक्षरी छन्द कविताको परिकल्पना गर्दा नामा '**अर्घ्य**' जुरेकोले र यसको व्यापकताको लागि सामाजिक सञ्जाल मार्फत धेरै समकक्षिहरुसँग अन्तकृया गरी शीत काव्य समाज पाल्पा गठन गरेर २०८१ साल सम्ममा लघुकाव्य सङ्ग्रह शीत कल्प '**अर्घ्य**' २०८१ प्रकाशित गर्नं भयो । हाल सम्म शीतका शौकिनहरु करीव १० जनाले शीत गहिराई सम्म अध्ययन गरी बिभिन्न शीर्षक राखेर पुस्तक समेत प्रकाशीत गरिसकेका छन् ।यसरीप्रकाशीत कृतिहरु मध्य कति कृतिहरु त काव्य समाज नेपाल पाल्पाले निर्धारण गरेको सर्त भित्र परेकाले उपाधि समेत हातपारी आफ्नो स्थान सुरक्षित गरिसकेका छन् । अरु करीव १० जना शीत लेख्ने तर्खरमा छन् । तसर्थ शीत को माइती घर अथवा उद्गम स्थल पाल्पालाई मानिन्छ । अहिले सम्ममा शीत लेखनमा भएको प्रगती हेर्दा सन्तोषजक छ । दुइ अक्षर मात्र भएकोले लेख्न नजान्नेहरुले पनि कनिकुथी लेख्ने थालिसकेका छन् । पहिला नेपालमा साहित्यकारहरुको धेरै हस्तीहरू थिएनन् । शैक्षिक क्षोत्रमा धेरै उत्खनन् हुँन सकेको थिएन । तर पनि आजको विश्वमा भएको भौतिक एवम् डिजिटल प्रविधिको प्रगतिले मानिसको दिमागलाई बोधो बनाएको छ । प्रविधिले हरेक कुराको पचासौं भाषामा एकैपटक समाधान दिन सक्छ । यसैगरी कुनै पनि प्रश्न सोधेपछि हर प्रकारले यसको जवाफको लागि प्रयास गर्दछ, आदि इत्यादि कारणले गर्दा हाम्रो पठन संस्कृतिमा नकारात्मक असर परिरहेछ । एकातिर टिभी र मोबाइल तथा ल्यापटपमा मनोरञ्जन अर्कातिर दैनिक गृहकार्य प्रविधिले गरिदिने हुँदा दिमाग बोधो र अल्छी बन्दै गएको हो ।




तर लेखन संस्कृति भने दिन दुगुना र रात चौगुनाले बढ्दै गएको छ । यसमा एक किसिमको अश्वस्थ्य प्रतिष्पर्धा भैरहेछ । राम्रोसँग आँकडा संकलन गर्ने हो भने पाठक भन्दा लेखकको संख्या बढी हुन सक्छ । अक्षरको संख्या गनेर वा आकार इकार वरपर पारेर भएपनि, भिन्नता देखाई आफूलाई नयाँ विधाको प्रणेताको लाइनमा उभ्याउने र पुस्तक प्रकाशन गर्ने होडबाजी चलिरहेछ । हुनत सिक्ने पनि यसै गरेर हो । तर सिक्नु र पुस्तक प्रकाशनु गर्नं फरक कुरा हो । यसले नेपाली साहित्यलाई कुनै किसिमको टेवा पुग्ने देखिदैन ।

अन्त्यमा, आजको युग भनेको समयको युग हो । जतासुकै समयले दपेटी रहेछ । संस्कृतमा भनिएको छ । "अनन्तं शास्त्रं बहुलाश्च विद्या अल्पश्चकालो वहुविघ्न च । यत्सारभूतं तदुपासनीयं हंसो यथा क्षिरमिवाम्बुमध्यात । ।" भनाइको तात्पर्य के हो भने शास्त्रहरु अनगिन्त छन् । विद्या एवम् सिक्नु पर्ने कुरा अथाह छन् । समय एकदमै छोटो छ । सिमित समयमा असिमित काम भ्याउनु परेको छ । जुनसुकै काम थालौ भनेपनि बिग्न वाधाहरु प्रशस्थ मात्रामा आइपर्छन् । यस्तो अवस्थामा हामीले परिस्थिति बिश्लेषण गरी दुध मिसिएको पोखरीबाट पानी पन्छाएर हाँसले दुध पिए झैं गरी प्राथमिकता छुट्याउन सक्नु पर्दछ । खास भन्ने हो भने लामो खाले कविता लेख्न र पढ्न पनि निकै समय लाग्छ । यसरी पाठकको समयाभावलाई समेत ध्यानमा राखी प्रवर्ततक रेग्मीले थोरै अक्षरको थोरै लेखाइबाट बुझाउन सकिने नेपाली साशित्यमा छिपेर रहेको शीत विधालाई उजागर गरी अरू विधा सरह प्रकाश पारी निवन्ध, रुपक, सम्बाद,भजन, अन्ताक्षरी, गीत लगायत दैनिक जीवनमा परिआउने यावत् बिषयमा उदाहरण सहित प्रयोग गर्न सक्ने बनाई नेपाली साहित्यको श्री बृद्धिमा जुन योगदान दिनुभएको छ । यो पक्कैपनि अतुलनीय योगदान हो । यसरी तल्लीन भएर नेपाली साहित्यलाई आआफ्नो क्षत्रबाट उल्था गरेर अरू देशमा पठाउने हो भने नेपाली साहित्यले पनि विश्व साहित्यमा स्थान पाउनेछ । राज्यले पनि यस्ता सर्जकको कदर गर्नंपर्दछ । नेपाली साहित्यको फाँटमा शीत काव्यले चारैतर्फ चेतना जगाएको छ । चौतारिमा सीढी थपिएको छ । उहाँलाई मेरो तर्फबाट साधुवाद, आजलाई यति ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# “स्वदेशी उत्पादनलाई प्रथामिकता राख्दै सम्भावनाहरु खोज्नेछौ”



## सुरेन्द्र उप्रेती
### नाडा अध्यक्ष

मोहन कार्की

नाडाको ५० बर्षे यात्राको गर्विलो इतिहास, १८ औं अटो शोको तयारी भईरहेको छ । नाडा नेपालमा अटोमोवाइल क्षेत्रका व्यवसायीहरुको हकहितको लागि काम गर्ने मुख्य उद्देश्य राखेर स्थापना भएको संस्था अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)ले आफ्नो स्थापनाको ५० औं बार्षिकोत्सव (स्वर्ण जयन्ती) मनाउदै १८ औ अटो शो गर्न लागेको हो । स्वर्ण जयन्ती माउने क्रममा “उद्योगदेखि रोजगारसम्म” भन्ने मुल नाराका साथ “नाडा अटो शो”को १८ औ संस्करण आगामी मंगलबारबाट काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ । उक्त अवसरमा नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले यहि अवसरमा सञ्चारकर्मीहरुसँग गरेको कुराकानी यस प्रकार छ ।

**नाडाको जन्म कसरी भयो ?**

नेपालमा विस्तारै सवारीसाधनको आयात बढेसँगै व्यवसायीहरुले आफ्नो हक र हितको लागि काम गर्ने एक मंचको आवश्यकता महसुस गरे र व्यवसायी तोलाराम दुगडको अध्यक्षतामा २०३२ सालमा अटोमोबाइल एशोसिएस अफ नेपालको स्थापना भयो । विस्तारै संस्थाको कार्यक्षेत्र र दायरा फराकिलो बनाउन २०६१/६२ मा आइपुग्दा यो संस्थाको नाम नेपाल अटोमोबाइल्स डिलर एशोसिएसन (नाडा) भयो । त्यस्तै २०७२ सालमा संस्थाले आफ्नो नाम पुनः परिवर्तन गरी नाडा अटोमोवाइल्स एसोसिएसन अफ नेपाल राखेको हो । बजार व्यवस्थित गर्ने, सरकारसँग नीतिगत पैरवी गर्ने र समग्र नेपाली अर्थतन्त्र र रोजगारको सिर्जना गर्ने तथा व्यवसायीहरुको एक आपसरमा नेटवर्क बृद्धि गरी उपभोक्तासम्म सहज पहुच पुर्याउने उद्देश्यका साथ नाडाको स्थापना भएको संस्थाको रुपमा रहेको छ। नाडाको यो गर्विलो ईतिहासलाई हामी अझै संस्थाको विकाससँगै नाडाको उद्देश्य र कामको दायराहरु पनि फराकिलो बन्दै गयो । नाडाले अटोमोबाइल व्यवसायीहरूको साझा आवाजलाई संस्थागत गर्दै सरकार र निजी क्षेत्रबीच संवादको महत्वपूर्ण पुलको भूमिका निर्वाह गर्दै आएको छ । नाडासँग देशभरका अटोमोबाइल व्यवसायी, आयातकर्ता, वितरक, उत्पादक तथा डिलरहरू जोडिएका छन् ।

नाडाको ५० वर्षको सबैभन्दा ठूलो उपलब्धि गाडी बेच्ने व्यवसायीहरूको संगठनलाई नेपालकै अटोमोबाइल उद्योगको प्रतिनिधित्व गर्ने, सरकारसँग नीति संवाद गर्ने, बजार र प्रविधि प्रदर्शन गर्ने, सीप विकास गर्ने तथा अन्तर्राष्ट्रिय उद्योगसँग जोड्ने संस्थागत प्लेटफर्ममा रूपान्तरण गर्न सक्नु रहेको छ ।

**नाडाले अन्य गतिविधि के के गरिरहेको छ बताईदिनुसन ?**

नाडाले पचास बर्षे यात्रामा नीति पैरवी, उद्योगको प्रतिनिधित्व, अटो शो, सूचना अभिलेख, सीप विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र इभी र हरित मोबिलिटी जस्ता क्षेत्रमा कामहरु गरेको छ। अब नेपाल केवल ‘गाडी आयात गर्ने देश’ होइन, ‘मोबिलिटी इकोसिस्टम निर्माण गर्ने देश’ बन्ने दिशामा सोचेर अगाडी बढ्न थालेको छ ।

**नाडाले व्यवसायीलाइ कस्तो सुविधा दिएको छ ?**

नाडाले नेपालमा अटोमोबाइल व्यवसाय विस्तार हुन थालेसँगै व्यवसायीहरूलाई आफ्नो उत्पादन तथा ब्रान्ड प्रदर्शन गर्ने र उपभोक्तालाई नयाँ सवारीसाधनबारे जानकारी दिने एउटा व्यवस्थित मञ्चको आवश्यकता महसुस भएकोले आवश्यकता पूरा गर्न विक्रम सम्बत् २०५५ मा ‘पहिलो अटो शो’ को आयोजना गरेको थियो । सो मेलामा जम्मा २६ वटा स्टलहरु रहेका थिए । प्रत्येक २ बर्षमा हुने ‘नाडा अटो शोमा ग्राहकको आकर्षण बढेसँगै सन् २०१० (अर्थात् विक्रम सम्बत) २०६७ देखि प्रत्येक बर्ष नेपालीहरुको ठूला चाडपर्वलाई लक्षित गरी प्रत्येक बर्ष आयोजना गर्न थालियो । यसपटक प्रत्येक बर्ष हुने नाडा अटो शोको १८ औ संस्करण भदौ ९ गतेबाट सुरु हुँदैछ।

**नाडा अटो शोका गतिविधि बताईदिनुस न ?**

‘नाडा अटो शो’ व्यवसायिक मन्चमा परिणत हुदै गएको छ भने ‘नाडा अटो शो’ नयाँ गाडी सार्वजनिक गर्ने, ब्रान्ड प्रवर्द्धन गर्ने, ग्राहकसँग प्रत्यक्ष सम्पर्क गर्ने, बैंक तथा वित्तीय संस्थालाई अटो लोन प्रवर्द्धन गर्ने र अटोमोबाइल क्षेत्रका नयाँ प्रविधि देखाउने प्रमुख मञ्च बन्दै गएको छ।’ अहिले नाडाले नेपाली बजारमा छुट्टै संस्थागत पहिचान बनाएको छ । सरकारसँग नीतिगत बहस र पैरवीहरु गरिरहेको छ। संस्थामा ३ हजार २ सयभन्दा बढी सदस्यहरु रहेका छन्। नाडाले आफ्नो गौरवपुर्ण यात्रामा सडक सुरक्षा र दुर्घटना न्युनिकरणमा पनि चेतनामुलक कामहरु गर्दै आएको छ ।

**१८ औ अटोशो को वारेमा थप प्रष्ट पारिदिनुस न ?**

अटोमोबाइल एसोसिएसन अफ नेपाल (नाडा)ले भदौ ९ गतेदेखि १८ औ संस्करणको ‘नाडा अटो शो’ आयोजना गर्न लागेको छ । साथै स्थापनाको ५० औं वर्ष (स्वर्ण जयन्ती) पनि मनाउदै छ । नेपालको अटोमोबाइल क्षेत्रमा भइरहेको द्रुत परिवर्तन, विशेषगरी ईभीको आधुनिक प्रविधि र दिगो गतिशीलतालाई एउटै छानामुनि प्रदर्शन गर्ने यो एउटा भव्य मञ्च हुनेछ । ५ दशक लामो नाडाको यात्रा नेपालको समग्र आर्थिक र औद्योगिक विकाससँग जोडिएको हामीले देखेकै छौं । साथै, यस वर्षको संस्करण अटोमोबाइल क्षेत्रका लागि ऐतिहासिक कोसेढुङ्गा सावित हुने हाम्रो विश्वास छ । यस वर्षको प्रदर्शनीमा विद्युतीय सवारीसाधन (ईभी) लाई विशेष प्राथमिकता दिइएको छ । दुई पाङ्गे, चार पाङ्गे, कमर्शियलदेखि कम्पोनेन्टसम्मको विकास क्रम मेलामा प्रदर्शनी हुनेछ ।

**स्वदेशी उत्पादनको बारेका केही सच्नुभएको छ ?**

यस पटकको प्रदर्शनीमा नेपालमै उत्पादित यात्री इलेक्ट्रीक साथै स्वदेशमै एसेम्बल गरिएका स्कुटर, बाइक, टायर, लुब्रिकेन्ट, ब्याट्री र स्पेयर पार्ट्सहरूलाई मुख्य आकर्षणका रूपमा प्रस्तुत गर्न लागिएको छ ।नेपाल अब गाडी आयात गर्ने मात्र होइन, भोलिका दिनमा उत्पादनमा पनि आत्मनिर्भर बन्न सक्छ भन्ने स्पष्ट सन्देश अवलोकनकर्तालाई अटो शोमा दिन खोजिएको छ । स्वदेशी उद्योगतर्फको यात्रालाई संस्थाले गर्वका साथ प्रदर्शनीमा राख्न लागेको छ । यस अटो शोले देशको अर्थतन्त्रलाई गति दिन र अटोमोबाइल क्षेत्रको भविष्यको दिशा तय गर्न सहयोग पुर्याउने नाडाले अपेक्षा गरेको छ ।

**नाडा अटो शो विदेशी गाडी बेच्ने थलो मात्र हो भन्छन नी ?**

नेपाली अटोमोबाइल बजारमा ‘नाडा अटो शो’ एउटा प्रदर्शनी मात्र होइन, उद्योगको अवस्था, उपभोक्ताको रुचि र आगामी दिनको दिशासमेत देखाउने मञ्चका रूपमा स्थापित छ । यही कारण ‘१८ औं नाडा अटो शो २०२६’ लाई नाडाले आफ्नो ५०औं स्थापना वर्षको स्वर्ण जयन्तीसँग जोडेर अझ फराकिलो सन्देश दिने गरी तयारी गरेको हो । भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने प्रदर्शनीमा २०० भन्दा बढी स्टल रहनेछन् । करिब ३ लाख वर्गफिट क्षेत्रमा फैलिने अटो शोमा २३ ब्रान्डका प्यासेन्जर कार, १७ ब्रान्डका लाइट कमर्सियल भेइकल, १३ ब्रान्डका दुईपाङ्गे सवारीसाधन, ७० वटा अटोमोबाइल पार्टपुर्जा तथा उत्पादनका स्टल र १० वित्तीय तथा बीमा संस्थाको सहभागिता रहनेछ ।

त्यस्तै रोबोटिक्स, एआई, डिजिटल प्रविधि र स्वदेशी उत्पादनलाई प्रदर्शनीको केन्द्रमा राखिएको छ । ५०औं वर्षको अवसरमा आयोजना हुन लागेको यो संस्करणले नाडाको पाँच दशकको यात्रा र अबको अटोमोबाइल क्षेत्रबीचको सम्बन्ध देखाउने प्रयास गर्ने गर्ने छ । अघि मैले माथि पनि भने स्वदेशी उत्पादन जस्तै एसेम्बल लगायतका कामहरु नेपालमा नै हुन थालेका छन् । यो राम्रो पक्ष हो । अन्य सुधार गर्दै सम्भावना खोज्ने छो ।

**१८ औ अटो शोमा कति जति दर्शकले अवलोकन गर्लान् ?**

६ दिनसम्म चल्ने प्रदर्शनीमा करिब २ लाख आगन्तुक आउने अनुमान हामीले गरेका छौ । भीड व्यवस्थापनलाई ध्यान दिँदै नेपाल पुलिस क्लब, नेसनल ट्रेडिङ, सुन्धारा, सञ्चय कोष भवन, पुरानो बसपार्क तथा अन्य स्थानमा पार्किङको व्यवस्था गरिनेछ । बाहिरी पार्किङस्थलबाट भृकुटीमण्डपसम्म निःशुल्क सटल बस सञ्चालन गरिनेछ । प्रदर्शनीस्थलमा सीसीटीभी निगरानी, ह्विलचेयर सुविधा, आपत्कालीन स्वास्थ्य टोली र ट्राफिक सूचना डेस्क पनि रहनेछन् । आधिकारिक टिकटिङ पार्टनर खल्तीमार्फत अग्रिम टिकट बुक गर्दा ५० प्रतिशतसम्म क्यासब्याकको व्यवस्था गरिएको छ ।

भदौ ९ देखि १४ गतेसम्म भृकुटीमण्डपमा हुने अटो शोमा त्यसैले नयाँ गाडी मात्रै देखिने छैनन् । नेपाली अटोमोबाइल उद्योगको वर्तमान अवस्था र आगामी यात्राको एउटा चित्र पनि देखिने गरी हामीले काम गर्न लागेका छौ ।

# मधेशका १४ जना कर्मचारीलाई दरबन्दी रहेको कार्यालयमा काज फिर्ता

काठमाडौं- मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रका कर्मचारीलाई लामो समयदेखि दरबन्दी रहेको भन्दा अन्य कार्यालयमा काजमा कार्यरत कर्मचारीलाई दरबन्दी भएको ठाउँमै फर्काउने निर्णय गरिएको छ ।




प्रदेश सरकारले नवौंदेखि एघारौं तहसम्मका १४ जना कर्मचारीलाई दरबन्दी रहेकै कार्यालयमा काज फिर्ता गरेको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंगलबार गरेको काज फिर्ता निर्णयमा स्वास्थ्य शिक्षा प्रशासक एघारौं तहका सुरोज चन्द्र न्यौपानेको काज फिर्ता गरेको छ ।

मुख्यमन्त्री कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार वरिष्ठ स्वास्थ्य प्रशासकतर्फका दशौं तहका डा. नवलकिशोर झालाई स्वास्थ्य निर्देशनालय, सपहीमा काज फिर्ता गरिएको छ । निर्देशनालयमा दरबन्दी रहेका उनी काजमा स्वास्थ्य कार्यालय सर्लाहीमा प्रमुख थिए ।


इन्टर्नल मेडिसिन तर्फका डा. विपिनकुमार झालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय फर्काइएको छ । कार्यालयको अतिरिक्तमा राखिएका उनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा काजमा कार्यरत थिए ।

प्रादेशिक अस्पताल गौर, रौतहटमा दरबन्दी रहेका जनरल फिजिसियन डा. सञ्जीतकुमार झा, बालरोग विशेषज्ञ डा. रवीन्द्रकुमार साह, रेडियोलोजिस्ट डा. गिरीरञ्जन प्रधान, एनेस्थेसियोलोजिस्ट डा. रौशनकुमार साह र मनोचिकित्सक डा. दिव्यांशु झालाई प्रादेशिक अस्पताल गौरमा काज फिर्ता गरिएको छ । त्यसैगरी प्रादेशिक अस्पताल मलंगवा, सर्लाहीमा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा. जितेन्द्र जयसवाल र गाइनोक्लोजिष्ट डा. बृजमोहनकुमार रजकलाई पनि सम्बन्धित दरबन्दी कायम रहेको कार्यालयमा फिर्ता गरिएको छ । उनीहरू प्रादेशिक अस्पताल जनकपुरमै लामोसमयदेखि काजमा कार्यरत थिए । प्रादेशिक अस्पताल कलैया, बारामा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा. विकासकुमार साह र एनेस्थेसियोलोजिस्ट डा. संदीप शर्मालाई पनि काज फिर्ता गरिएको छ। उनीहरू पनि प्रादेशिक अस्पताल जनकपुरमा काजमा कार्यरत थिए । यस्तै, प्रादेशिक अस्पताल सिरहामा दरबन्दी रहेका जनरल मेडिसिन तर्फका डा. कृष्णकुमार यादव र अर्थोपेडिक सर्जन डा. रवि श्रीवास्तवलाई समेत दरबन्दी भएकै स्थानमा फर्काइएको छ । यादव प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत थिए भने श्रीवास्तव डा. श्रीवास्तव जलेश्वरमा थिए ।

त्यस्तै, अन्यत्र दरबन्दी भएपनि मालदार अड्डामा काजमा गएर बस्ने प्रवृत्ति पनि रहेको छ । यी विकृतिहरूलाई हटाउने प्रयास स्वरूप दरबन्दी भएकै स्थानमा कामकाज गर्ने गरी काजफिर्ताको नीति लिएको सरकारको दाबी छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ५,
२०८३ साल भदौ ९ गते मंगलबार
25 AUGUST 2026, TUESDAY



# “राष्ट्र चलाउन आनुभव चाहिन्छ त्यो अनुभव हामीसँग छ”

नेपालमा थुप्रै पार्टी स्थापना भएा छन् । केही मात्रा अस्तित्वमा छन् । पार्टी खोल्ने क्रम जारी छ । अहिले भरखरै खोलिएको जय नेपाल पार्टी स्थापना भएको छ । उक्त पार्टीका अध्यक्ष धवल शम्शेर बजरासँग जन आकाश मिडियाका अध्यक्ष मोहन कार्कीले गर्नुभएको कुराकानी यस अंङकमा समेटेका छौ ।

## धवल शम्सेर जवरा

**अध्यक्ष, जय नेपाल पार्टी**

**अहिले तपाई जय नेपाल पार्टीको अध्यक्ष हुनुभएको छ । तपाई त राप्रपा बाट प्रतिनिधि सभा पनि हुनु भइसकेको व्यक्तित्व किन यो पार्टी छोडेर जय नेपाल पार्टी दर्ता गर्न'भयो ?**

एक लाइनमा भन्दा खेरि राप्रपाका प्रमुखले हामीले बोकेको एजेन्डा जुन विचार हो त्यो विचारलाई यथार्थमा प्रणित गर्न नसक्ने स्थिति देखेपछि र त्यहाँ भित्र धेरै नै उकुस मुकुस भएर त्यो मक्किसकेको पार्टी भनौ न त्यो स्थिति भएपछि र त्यहाँ झगडै झगडा गरेर बस्नुभन्दा हामीले आफ्नो एजेन्डा लाई रेस्क्यू गर्न, एजेन्डा लाई बचाउनको लागि र साबित गर्नको लागि एउटा नयाँ राष्ट्रवादी हिन्दु अधिराज्य सहितको सनातन धर्म सापेक्ष हिन्दु र किरात धर्मलाई समेटेर एउटा राम्रो र देशलाई आर्थिक रुपले पनि समृद्ध गर्नको लागि एउटा नयाँ पार्टी जसको नाम अहिले जय नेपाल पार्टी स्थापना गरेका हौ । यो पार्टी हामीले खोल्यौ ।

**राप्रपाले उठाउदै आएको मध्यमार्गी धार थियो र पछि सनातन हिन्दु राज्य सहितको राजतन्त्र आर्थिक व्यवस्था पनि हुनुपर्ने भन्ने राप्रपाको एजेन्डा नै रहेको थियो भने अनि तपाईहरुको यो जय नेपाल पार्टीले चाहि राजतन्त्रलाई अंगिकार गर्ने कि गणतन्त्रलाई ?**

राप्रपा पनि गणतन्त्रको विरोधी हो । हामी पनि गणतन्त्रको विरोधी हो । गणतन्त्र व्यवस्था यो देशलाई फलिपाप हुँदैन । राजा सहितको हिन्दु अधिराज्य हो ।

खोजेको हो हामीले भनेर राप्रपाले पनि त्यहि भन्छ । तर राप्रपाले जहिले जहिले मौका पायो उ गणतन्त्र भित्र अथवा प्रजातन्त्र भित्र छिरी हाल्ने प्रधानमन्त्री अब उपप्रधानमन्त्री मन्त्रीहरु खाइहाल्ने त्यस क्रममा जनताले पत्याउनै छाड्यो राप्रपालाई र त्यो क्रमले त्यो परिस्थितिमा ९७% अब राप्रपाको उम्मेदवारको पनि जमाना जफत भयो ।

त्यसले एउटा भाष्य बन्न लाग्यो कि राजसंस्था र हिन्दु अधिराज्यको एजेन्डै जनताले रिजेक्ट गर्यो भनेर यो त्यस्तो होइन । राप्रपालाई नपत्याएको राप्रपाले पटक पटक धोका दिएको कारणले जनताले भोट नहाल्या हो । राजसंस्था र हिन्दु अधिराज्यको विषयमा जनता पोजिटिभ छन् । जनता सकारात्मक छन् र जनतालाई हामीले यो बाटोमा लग्नको लागि नेतृत्व गर्नको लागि हामीले यो जय नेपाल पार्टी बनायौ ।

राजा ज्ञानेन्द्र शाहसंग यहाँको चाही भेटघाट भएको भनेर संचार माध्यममा आएका छन् । यस विषयमा के कुराकानी भयो ? आम नागरिकलाई बताइदिनुस न ।

हिजो साझा सोल्टी होटलमा हिमानी ट्रस्टको एउटा बाजुराको एउटा गरिब बच्चाहरुलाई सहयोग गर्ने भनेर एउटा कार्यक्रम भएको थियो । त्यसमा केही सहयोग पुग्नेगरी हिमानी सरकारको नेतृत्वमा आयोजना भएको कार्याक्रम हो । त्यो कार्यक्रममा म पनि गएको थिए त्यहाँ महाराज पनि सवारी भईबकस्या थियो अनि त्यहाँ कार्यक्रम पछि केही समय महाराज धिराजसित केही विषयहरुमा कुराकानी भयो ।

समसामयिक विषय राजनीतिक हामीले यो नयाँ खोल्न लागेको पार्टीको विषयमा सोधी बक्स्यो । सबैलाई समेटेर जानुपर्छ । राजा जहिले पनि सबै प्रति पोजिटिभ नै होइसिन्छ । सकारात्मकै कुरा राजा सित भयो । हामी निकै लामो समय सम्म कुरा गरेर निस्क्या हो ।

**अनि आम नागरिकहरुले जुन देशमा अहिले पछि पछिल्लो समय कस्तो महसुस गरेका होलान् भन्ने जस्तो केही डिस्कसन भयो त ?**

हामीलाई सबैलाई थाहा छ हजुर कि अब राजा चाहिन्छ एउटा संवैधानिक राजा चाहिन्छ भन्ने नेपाली जनताको मनमा र नेताहरुको मनमा पनि त्यो कुरा बिस्तारै भिज्दै छ र राजा पनि नेपाली जनताले मलाई आह्वान गर्छन भने म पछि हटदिन यो वंशले यो नेपाललाई बचाएर राख्यो हो मैले आफ्नो जिम्मेवारी पुरा गर्नं पर्छ भने म त्यो जिम्मेवारी बाट पुरा पछाडी हटदिन भन्ने पटक-पटक मर्जी भएकै छ ।

त्यस क्रममा छलफल भा हो । नयाँ पार्टी खोलिम । अब कसरी जाने? के-के गर्ने भनेर मैले आफ्नो कुराहरु राखे । राजा को पनि केही सल्लाह सुझावहरु आए र मैले अघिनै भनिहाले नि राजा सबैको साझा हुन् । हाम्रो मात्र होइनन् र सबै प्रति राजा सकारात्मकै हुनुहुन्छ । त्यस्तो एकदमै देशमा सबैलाई सहयोग गरेर म अगाडि बढ्छु भन्ने नै उहाँको मनस्थिति थियो । एकचोटी भन्नु पनि भयो । कुनै नेताहरुले मेरो सहयोग माग्छन् भने म दिन तयार छु । मागेनन् । अहिले पनि राजा सकारात्मक नै हुनुहुन्छ ।

**नेपालमा लोकतन्त्र प्रजातन्त्र आयो । प्रजातन्त्र आइसकेपछि विभिन्न र ाजनीतिक पार्टी खोलिएका छन् । त्यसमा अहिले तपाईहरुको पार्टी पछिल्लो समयमा स्थापना भयो । अब सत्तरी जिल्लामा सांघिक संरचना चाहि कसरी लाने लक्ष्य राख्नु भएको छ ?**

हामीले सुरु गरेका छौ । कस्तो भा छ भने जनताको मनोस्थिति यति सकारात्मक छ कि हामीले आज जम्मा छ दिन भयो दर्ता गरेको छ दिनमा हामीले सेन्टर कमिटी मिटिङ बसिसकेका छौ । हामी लिस्टिङ गर्दै छौ ।जिल्ला जिल्लामा तदर्स समिति जिल्लाहरु बनाइसकेको नामै लिदा खेरि हिजो मात्रै म्याग्दी जिल्ला गठन भयो अब जुम्ला बनाउन तयार छ डोड्पा बनाउन तयार छ विभिन्न जिल्लामा साथीहरुले यो राष्ट्रवादी पार्टीमा आउनको लागि एकदमै ललायित भएर यो तिन महिना भित्र हामी ७७ जिल्लामा संगठन बनाएर स्थानीय निकायको निर्वाचनको लागि तपाईको मिडिया मार्फत पनि होनहार नेपाली अरु युवा युवतीहरु आफ्नो स्थानीय निकायमा केही गर्छु भन्ने हुटहुटी बोकेका इमानदार व्यक्तिहरु जनताले पत्याएका व्यक्तिहरु र निष्कलंक व्यक्तिहरुलाई तपाईंको मिडियाबाट पनि म आह्वान गर्छु स्थानीय निकायको लागि चुनावमा जान लागि पार्टीमा आवद्ध हुनुस् ।

हामी एउटा योजना ल्याउँछौं र आउने दिनहरुमा स्थानीय निकायमा यो पार्टी जय नेपाल पार्टी एउटा मजबुत पार्टीको रुपमा स्थापित गर्ने योजना छ ।

**यसमा अलि कन्फ्युज्ड यसमा के छ भने अहिले तपाई हामी गणतन्त्रात्मक व्यवस्थामा छौं । गणतन्त्रात्मक व्यवस्थामा संविधानले अंगीकार गरेका कुराहरु त्यसमा छन् । अघि तपाईले सुरुमा उठाएको कुरा सनातन तथा हिन्दु अधिराज्य सहितको राजतन्त्रात्मक व्यवस्था भन्नुभयो । अनि यो संविधान भित्रै रहेर चुनाव लड्दा खेरि के राजतन्त्रात्मक व्यवस्था आउछ त ?**

राजा सहितको हिन्दु अधिराज्य ल्याउने दुइटा उपाय छन् । एउटा यो संविधानलाई नै टेकेर संविधान परिवर्तन गर्ने जस्तो अहिले भन्ने एक्जामपल यो बालेन सरकारले संविधान संशोधनको कुरा अगाडी बढेको छ । झन्डै दुई तिहाई बहुमत छ । यो दुई तिहाई बहुमतमा राजा र हिन्दु राष्ट्रलाई स्पेस दिनुभयो भने कोहिले रोक्न सक्दैन । जनताले दिएको हो नि त म्यान्डेट । अब म्यान्डेट अनुसार उहाँहरुले परिवर्तन ल्याए भने हामी खुशी हुन्छौ ल्याउन सक्छौ । एउटा बाटो यो हो । अर्को बाटो सडकको बाटो । जसरी परिवर्तन नेपालमा आयो सडकबाट अहिलेको सरकार पनि जेन्जीको आन्दोलवाट सडकबाट त आयो नि । यो सरकार त आउने सम्भावना थिएन । ८४ मा थियो । यो सरकार कसरी आयो? सडकवाट आएको हो नि त एक किसिमले । त्यस किसिमले सडक पनि आउने एउटा सम्भावना छ र एउटा संवैधानिक प्रक्रियालाई अवलोकन गरेर अगाडि बढेर ल्याउन सकिन्छ ।

**अघि तपाईले भन्नुभएको जस्तो अब निर्वाचन जाने कुरा गर्दै हुनुहुन्थ्यो । फेरि सडकको कुरा गर्दा खेरि अलि मिल्दैन कि ?**

हैन, दुइटै उपायमा हामी लाग्छौं । निर्वाचन अब प्रजातन्त्र प्रणालीलाई विश्वास गरेका छौं । यो संवैधानिक संविधान अन्तर्गत छ । चित्त नबुझे पनि यो संविधान देशमा लागु छ । यो संविधानको हामी विपरीतमा छैनौं । संविधानलाई प्रयोग गरेर परिवर्तन गर्ने संविधानले पनि त ठाउँ दिएको छ नि आफूलाई परिवर्तन गर्ने उपायहरु दिएको छ । त्यो उपायहरु प्रयोग गरेर परिवर्तन गर्ने एउटा प्रयास अर्को प्रयास त यो बालेन सरकार असफल भयो भने र जनताले यो सरकारलाई परिवर्तन गर्नंपर्छ देवत्वकरण गरेर बालेनको नाममा झन्डै दुई तिहाई भोट आयो । जनताले धेरै अपेक्षा गरेको थिए । त्यो अपेक्षा अनुसार काम हुन सकेन । गर्न सकेको छैन । अधिकांश कुराहरु असफलता तिर गइरहेको छ । भ्रष्टाचारका कुराहरु जुन नियन्त्रण गर्नुपर्ने थियो त्यो कोसि गरे मेरो समर्थन छ । देश मक्किसक्या थियो भ्रष्टाचारले भित्रबाट । त्यो कुराको समर्थन गर्छु । बाकी देश चलाउने पूर्ण रुपले यथास्थिति यिनीहरुले देखाए । एउटा निर्णय गर्छन फिर्ता हुन्छन अर्को निर्णय गर्छन फिर्ता हुन्छन त्यो बजेटका कुरा पनि त्यस्तै देखियो । विभिन्न निर्णयका कुराहरु पनि त्यस्तै देखियो । अस्ति भर्खरै आरएनएसीको चेयरम्यान बनाए । अब त्यो ६५ वर्ष माथि किन बनाएको हो ? सर्वोच्चले ब्याक गर्दियो । यस्तो धेरै कुराहरु सर्वोच्चले ब्याक गर्दिरहेको छ । त्यसकारणले यो राजनीतिक चेतना राजनीतिक अनुभव देश चलाउन लागि चाहिन्छ भन्ने यो कुरा देखाइराछ ।

**पछिल्लो समय कुटनीतिक निकायहरुमा पनि संवैधानिक नियुक्तिहरु हुने कामहरु भएका छन् । यसमा तपाईलाई कस्तो लाग्छ सरकारले गरेको निर्णयहरु ?**

एउटा पारदर्शी रुपले निर्णय गर्ने प्रयास त गरे तर अन्ततगत्व त्यो प्रयास पनि अन्तिममा आफ्नो मान्छे तिम्रो मान्छे तेरो मान्छे गर्न थाले भन्ने मैले कुराहरु सुने । केही विद्वानहरु गणतन्त्र विरोधी भएका कारण राजसंस्थाको हितेसी भएका कारण हरु रोकिए भन्न मलाई भन्न आए । अब त्यो कति सत्य हो होइन अब त्यो म के भन्न सक्छु ?

**देशमा राजनीतिक पार्टीहरु खोलिरहने विभिन्न खालका व्यक्तिहरु परिवर्तन हुने सात पटक संविधान परिवर्तन भयो । आन्दोलन कति हो ? भए ४७ वटा प्रधानमन्त्री चेन्ज भइसके । अब त्यस्ता व्यक्ति र पार्टी चेन्ज भइराख्ने सर कार चेन्ज भइराख्ने तर देशका नागरि कको जीवन स्तर चेन्ज नहुने अनि ति ऐन कानुन कहिले चेन्ज नहुने साच्चिकै स्थायित्व कहिले पाउछन् जनताले यो चाही बताइदिनुस न ?**

त्यहि कारणले हामीले पार्टी खोलेको हजुर हामीले धेरै अनुभव बटुलेको छौं नगरपालिकाहरु चलाएर दुई दुई चोटी सफल बनाएर आएको हो देश बनउन राजनीति पढेर यही विद्यामा विद्यावारिधी गर्या हो सबै हो यो तर राजनीतिको खुड्किलो नचढीकन परिवर्तन ल्याउन सकिन्न बोलेर हुन्न अभियान चलाएर हुँदैन त्यो ठाउँमा पुग्नु पर्छ त्यो ठाउँमा पुग्दा त्यो सिढी चढ्नु पर्छ त्यो संघर्ष गर्नं पर्छ त्यो संघर्ष गर्ने क्रममा त्यहाँ पुग्ने ठाउँमा परिवर्तन गर्नको लागि पुग्नको लागि यो पार्टी खोल्या हो ममा हुटहुटी छ म केही गर्छु भनेर त्यो गर्ने तिर लम्किनु पर्यो नि लाग्नु पर्यो नि मैले मेहनत गर्नं पर्यो नि । त्यो लम्किने लाग्ने मेहनत गर्नको लागि यो पार्टी खोल्या हो । हामी त्यहाँ पुगेपछि यो देशमा आमूल परिवर्तन गरेर यो देशलाई सनातन धर्म सापेक्ष हिन्दु राज्य पनि बनाउने यो देशलाई भ्रष्टाचार मुक्त पनि बनाउने यो देशलाई आर्थिक रुपले समृद्ध पनि बनाउन सक्ने योजनाहरु छ अनुभवहरु छ र व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर यो काम गरे भने सम्भव पनि छ ।

**समग्रमा सनातन हिन्दु राष्ट्र सहितको राजतन्त्रात्मक व्यवस्था के के कारणले सम्भव छ बताईदिनुस न ?**

यो देशमा ८२% हिन्दुहरुको बसोबास भएको देश ९२% ओमकार परिवारको बसोबास भएको देश विश्वमा १०० वटा क्रिस्चियन राष्ट्र ४७ वटा मुस्लिम राष्ट्र ११ वटा बुद्धिस्ट राष्ट्र यहुदी को जज अर्को पनि एउटा राष्ट्र हामी १ अरब ५० करोड हिन्दु अर्को एउटा राष्ट्र पनि नहुने । हामीले के अपराध गरेको छौ ? ९४% ओमकार परिवार बसोबास गर्ने देशलाई धर्मनिपेक्षता गर्दिए नेताहरुले । यो प्रश्नको जवाफ अहिले सम्म नेताहरुले दिन सक्या छैनन् । प्रलोभनमा परेर होकी दबाबमा परेर होकी उनीहरु जानुन् मलाई थाहा छैन । तर गरे र यो विषयलाई लिएर हिन्दुहरु नेपालीहरु कोहि पनि खुशी छैनन् । हामी नेपाली आमाको कोखबाट जन्मेको हामीले चाहेर होइन । सृष्टिले हामीलाई जन्माइदिएको हो । र हामीलाई सृष्टिले जन्माइदिएको ठाउँलाई हामीले सुरक्षित गर्न सकेनौं भने धिक्कार हो हामीलाई । त्यसकारणले म लागि परेको छु र आफ्नो जीवन कालमा यो राष्ट्रलाई हिन्दु अधिराज्य बनाउने लक्ष्य तिर म गइरहन्छु । सफलता नेपाली जनताले साथ दिए सफल हुँला । नेपाली जनताले उठेन साथै दिएन भने हामी के गर्न सक्छौं ? प्रयास हामी गर्छौं ।

**पछिल्लो समय शेरबहादुर देउवाले जेन्जी आन्दोलन पछाडि घाइते हुनुभएको थियो । त्यस पछाडि सिगापुरवाट अस्ति भर्खरै आउनुभयो र म हिन्दु हिन्दु भन्ने खालका शब्द उहाले पनि उच्चारण गरेको हामीले सुन्यौ, देख्यौ । त्यसमा के अहिले पछिल्लो समयमा देशले एउटा अभिभावकत्व खोजेको हो ?**

होइन, देशले एउटा राष्ट्रवादी पार्टी खोलेको खोजेको छ । बालेनहरु लडखडाए पछि नेपाली जनता पुराना पार्टी दल तिर फर्किन्नन् । र राष्ट्रवादीहरु राजालाई बोकेर हिड्ने हिन्दु अधिराज्य बोकेको पार्टी खोज्या छ । त्यो स्पेस त्यो ठाउँ जय नेपाल पार्टीले लिने प्रयास गर्ने छ ।

**अन्त्मा भन्न मन लागेका कुराहरु र छुटेका केही छन् भने राख्दिनुस् ?**

म तपाईंको मिडिया मार्फत नेपाली जनतालाई के आह्वान गर्न चाहन्छु भने यो राष्ट्रमा दुई हजार वर्ष बाट कुनै न कुनै प्रकारको राजसंस्था कायम छ र यो राज्य त्यही संस्थाहरु मार्फत चलिरहेको बचिरहेको छ र हामीले प्रजातन्त्र पनि देखियौ । गणतन्त्र पनि देख्यौ, राष्ट्रपतिहरु देख्यौ यिनिहरुको सबै क्रियाकलाप हेरेर नेपाली जनता वाक्क र दिक्क भइसक्या छन् । हामीले बुझ्यौ । यिनीहरु व्यक्तिगत स्वार्थ, पार्टीको स्वार्थ भन्दा माथि उठ्न सक्ने सम्भावना छैन । त्यसकारणले एउटा संविधान भित्र बस्ने एउटा कन्स्टिच्युशनल मोनार्की जसलाई संवैधानिक राजसंस्थाको जरुरत छ, एउटा अभिभावकीय भूमिका खेल्ने र हामी ९४% हिन्दु ओमकार परिवार को बसोबास भएको देशमा हामीले के गल्ती गर्या थियौं हामीले के बिराएको थियौं कि हाम्रो धर्म कर्म संस्कृतिलाई सिध्याएर धर्म निरपेक्ष राष्ट्र बनाए कसैलाई खुशी बनाउन विदेशी शक्तिको प्रलोभनमा दवावमा नेताहरुले यो यस्तो नजायज काम गरे यही कुरा मुसलमान देशमा गर्या भए नेताहरुलाई रुखमा झुण्ड्याइ दिन्थे हामी हिन्दुहरु अहिंसा प्रेमी छौं चुप लाग्यौं । माओवादीको दबदबा थियो, डर थियो, त्रास थियो । केही बोलेनौं तर अब त उठ्न पर्यो । समय आयो । यो सरकारले पनि पार लगाउन नसक्ने स्थिति देखेपछि हामीले एकपटक फेरि राजा सहितको हिन्दु अधिराज्यको लागि कोसिस गरौ र समृद्ध नेपाल सुखी नेपाल र धार्मिक रुपले हामी हिन्दुहरुलाई एउटा धार्मिकस्थल विश्वभरिका हिन्दुहरुको धर्मस्थल बनाउन सक्यौ भने धार्मिक पर्यटनले पनि यो देशको आर्थिक समृद्धिलाई ठुलो टेवा दिन सक्छ भन्ने विश्वास हामीले लिएको छौं बाकी त नेपाली जनता मालिक हो जसरी चाहनुहुन्छ हामी यो क्रममा अगाडि बढेको छौं ।

तपाईंहरुले साथ दिनुभयो भने यो देशको आर्थिक उन्नति, समृद्धि, धर्म, कर्म, संस्कृतिलाई टेवा मिल्छ र अर्को कुरा म एउटा के भन्न चाहन्छु भने गौहत्या हाम्रो संविधानले रोकेको छ । यो देशमा विदेशीहरुलाई खुवाउने निहुमा फाइभस्टार होटल तारे होटलहरुमा र केही रेस्टुरेन्टमा गाईको मासु बेच्छन् । त्यो हामीले निर्णय गरेका छौ । विलम्ब नगरी तुरुन्त यो कामलाई होटलहरुले रेस्टुरेन्टहरुले रोक्न पर्यो । यसमा हाम्रो घोर विरोध छ । हामी यो आन्दोलन गर्छौं । तपाईंहरुलाई सामाजिक बहिष्कार गर्छौं । आफै रोक्दिनुस् । विदेशी पर्यटकहरुलाई अरु मासु खाए पनि हुन्छ । गाईकै मासु आएर नेपालमा खान पर्दैन । गाई हत्या गर्न पाइदैन । गाईको मासु खान पाइदैन भन्ने हामी ठूलो एउटा अभियान पनि सुरु गर्न लागेका छौं । सबै सम्बन्धित व्यक्तिहरुले सहयोग गर्दिनु हुन सक्ने मैले आशा लेको छु, सबैलाई धन्यवाद सबैलाई नमस्कार

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# नाडाले स्वर्ण जयन्ती विशेष बनाइरहेको छः अटो शो सभापति बराल

नाडा अटो सोको आफ्नै विशेषता छ यहाँहरुलाई राम्रोसँग थाहा छ हामीले यो पचासौं वर्ष नाडाको ऐतिहासिक स्वडर्ण जयन्ती सेलिब्रेशन गरिरहँदा एउटा संस्थाको लागि पचास वर्ष सानो समय होइन पचास वर्ष संस्थालाई मिलाएर देशभरिका अहिलेको बेलामा यो संस्थाले पञ्चायतदेखि गणतन्त्रसम्म र जिन्जी आन्दोलनसम्म सबै देख्न पायौं र यति राम्रो देशभरिका अटोमोबाइल व्यवसायीहरु सबै एउटै छानामुनि मिलेर बसेको संस्था हो र यसले आज पचासौं वर्षको गरिमा बोकिरहँदा खेरि हामीले गोल्डेन जुब्लीमा अठारौं एडिसन गरिरहेका छौ ।

भदौको नौ गतेदेखि १४ गतेसम्म यो आयोजना हुने नाडा अटो सो नेपालको अग्रणी बहुचर्चित एवं भव्य व्यावसायिक अटोमोबाइल प्रदर्शनी हो र यसले अठारौं संस्करणको नाडा अटो सो दुई हजार छब्बिस यही भाद्रको नौ गतेदेखि १४ गतेसम्म काठमाडौँको भृकुटी मण्डप प्रदर्शनी स्थलमा आयोजना गरिरहेका छौ र नाडा अटो सो दुई हजार छब्बिसको शीर्ष प्रायोजनमा एचपी लुब्रिकेन्ट्स रहेको छ ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालद्वारा आयोजित ६ दिनसम्म चल्ने प्रदर्शनीले तीव्र रुपमा विकसित भइरहेको नेपालको अटोमोबाइल तथा मोबिलिटी क्षेत्रको समग्रआर्थिकसामाजिकएवंव्यावसायिक प्रतिबिम्बलाई प्रस्तुत गर्ने छ नाडाको पचासौं वार्षिक उत्सवको उपलक्षमा यस नाडा अटो सोको अठारौं संस्करणलाई स्वर्ण उत्सव संस्करणको रुपमा भव्यताका साथ आयोजना गर्न लागेका छौ । यस प्रदर्शनीले विगतमा चाहिँ अटोमोबाइल कम्पनीहरुलाई आफ्ना नवीनतम सवारी साधन प्रविधि उत्पादन तथा सेवाहरु प्रदर्शन गर्न र ग्राहक तथा व्यावसायिक सरोकारहरुसँग प्रत्यक्ष सम्पर्क स्थापित गर्न महत्वपूर्ण अवसर प्रदान गर्ने छ नाडा अटो सोको मुख्य उद्देश्य सम्पूर्ण अटोमोटिभ इकोसिस्टमलाई एउटै मञ्चमा ल्याउनु र आगन्तुकहरुलाई बजारमा उपलब्ध नवीनतम उत्पादन प्रविधि तथा नवप्रवर्तनको प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गर्नं हो यस प्रदर्शनीले अटोमोबाइल क्षेत्रसम्बन्धी जनचेतना अभिवृद्धि व्यावसायिक सञ्जाल विस्तार तथा नेपालको अटोमोबाइल उद्योगको निरन्तर विकासमा योगदान पुर्याउने विश्वास हामी आयोजकले गरेका छौ ।



अरुण बराल, नाडा कार्यसमिती सदस्य

लगभग तीन लाख स्क्वायर फिट क्षेत्रफलमा आयोजना गरिएको यस प्रदर्शनीमा साना ठूला गरी दुई सय भन्दा बढी स्थलहरु रहने छन् जसमा तेइस वटा ब्रान्डका प्यासेन्जर कार भेहिकल सत्र वटा ब्रान्डका लाइट कमर्सियल भेहिकल १३ वटा ब्रान्डका दुईपांग्रे र दस वटा वित्तीय एवं बीमा प्रदायक तथा सत्तरी वटा अटोमोटिभ पार्टपुर्जा एक्सेसरीज टायर लुब्रिकेन्ट्स ग्यारेज उपकरण र अटोमोबाइल सम्बन्धी अन्य उत्पादन र सेवाहरु प्रदर्शन गर्दैछौ । यी स्थलहरुमा नेपालमा एसेम्बल हुने सवारी साधन लुब्रिकेन्ट्स ब्याट्री हेलमेट एवं अन्य सामग्रीहरु समेत रहने छन् र यसैगरी यस अटो सोलाई नजिकबाट नियालेर हामीलाई सधैंभरि साथ दिँदै आउनु भएका ग्रहक वर्ग अवलोकनकर्ता साथै साझेदारहरु हामीसँग मिल्दै नै आइरहनु भएको छ ।

यसपालिको टाइटल स्पोन्सरमा एसपी लुब्रिकेन्ट्स रहेको छ । भने को स्पोन्सर एण्ड इन्स्योरेन्स पार्टनरमा शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, बेभरेज पार्टनरमा क्याम्पा चार्जिंग पार्टनरमा जीआई चार्जर, हस्पिटालिटी पार्टनरमा द प्लाजा, टिके टिङ्ग, खल्ती, बाई आईएमई हाइड्रेशन, पूर्ण वाटर मोबिलिटी, याङ्गो, फायर सेफ्टी हिटको प्राइभेट लिमिटेड, कनेक्टिभिटी वर्ल्डलिंक सर्भिसेज, एचआईके भिजन सीसीटीभी नेपाल, अल्का हस्पिटल प्राइभेट लिमिटेड, फूड द बेकरी क्याफे र इभेन्ट म्यानेज्ड बाई ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसिज प्राइभेट लिमिटेड र हामीलाई मिडिया कोअर्डिनेसन ग्लोबल मिडिया र एभरेस्ट एड एण्ड इभेन्ट म्यानेजमेन्ट कम्पनी र प्रमुख आकर्षणहरुमा स्वर्ण उत्सव संस्करणको रुपमा सहयोग गर्दै हुनुहुन्छ ।

अर्को आकर्षणको रुपमा जीआई ह्युमनोइड रोबोट एण्ड जीओ टु क्वाड रट रोबोट भविष्यमा यातायात साधनमा आउने प्रविधि विकासको अनुभव दिनको लागि हामीले यसपाली जीआई ह्युमनोइड रोबोट र जीओ टु क्वाड रट रोबोट त्यहाँ देखाउने छौ मेड इन नेपाल एण्ड मेड फर नेपाल प्याभिलियन छुट्टै हुनेछ जहाँ स्वदेशमै उत्पादित सवारी साधन लुब्रिकेन्ट्स ब्याट्री हेलमेट एवं अन्य कम्पोनेन्ट्सहरुको प्रदर्शनी गर्ने छौ प्रोडक्ट लन्चिङहरु विभिन्न ब्रान्डका नयाँ-नयाँ मोडलहरु लन्च हुनेछन् र सिम्पोसियम पनि हुनेछ जसमा स्मार्ट मोबिलिटी र सवारी क्षेत्रको दिगो विकास र कनेक्टिभिटीमा केन्द्रित रहनेगरी त्यहाँ टक सोहरु गर्ने छौ सूचना तथा सुरक्षा व्यवस्था सुविधाजनक जोन विभाजन गरिएको छ । दुईपांग्रे सवारी साधनहरुलाई छुट्टै प्याभिलियनमा राखिनेछन् । चारपांग्रे सवारी साधनहरुलाई छुट्टै प्याभिलियनमा हुनेछन् । सञ्चारकर्मीहरुको फोकस र कनेक्टिभिटी सहज रुपमा बन्नेछ भने वित्तीय संस्था अटो कम्पोनेन्ट्स र ग्यारेज उपकरणहरुको छुट्टाछुट्टै प्रदर्शनी हुनेछ टिकट अग्रिम बुकिङ गर्न पाइनेछ । खल्ती एपमार्फत अग्रिम खरिदको व्यवस्था गरिएको छ निश्चित अवधिका लागि पचास प्रतिशतसम्म क्यासब्याकको व्यवस्था गरिएको छ मिडिया डेस्क संचारकर्मी साथीहरुको समन्वयका लागि मिडिया डेस्क छुट्टै प्रबन्ध गरिएको छ र ट्राफिक सूचना डेस्क छुट्टै व्यवस्था गरिएको छ ।

महानगरीय ट्राफिक प्रहरी को सहकार्यमा र साझेदारीमा क्याफेटेरियामा द बेकरी क्याफे, उपलब्ध हुनेछ पार्किङ व्यवस्था नेपाल पुलिस क्लबको ब्लु प्याभिलियन अन्डरग्राउन्ड पार्किङ तथा सिंहदरबार स्थित नेसनल ट्रेडिङको परिसरमा समेत पार्किङको व्यवस्था मिलाइएको छ । सटल सर्भिस त्यहाँबाट आउन चाहनेहरुको लागि सटल सर्भिसको व्यवस्था गरेका छौ आपातकालीन स्वास्थ्य टोली हाम्रो एक्जिबिसन समयमा रहने रहनेछन् । सीसीटीभी सुरक्षा निगरानी तथा आगो नियन्त्रण व्यवस्था पनि परिचालन गरिने छ ।

अपाङ्ग मैत्री पनि बनाएका छौ ह्विल चेयर मैत्री पनि बनाएका छौ । यसपाली नाडाले सम्पूर्ण अटोमोबाइल प्रेमी उद्योग व्यवसायी व्यावसायिक प्रतिनिधि संचारकर्मी तथा सर्वसाधारणलाई एचपी लुब्रिकेन्ट्स प्रेजेन्ट्स नाडा अटो सो दुई हजार छब्बिसमा उपस्थित भई नेपालको मोबिलिटी क्षेत्रको भविष्यलाई आकार दिइरहेका नवीनतम प्रविधिहरुको अनुभव गर्न आमन्त्रण बिभिन्न माध्यमवाट गरिसकेका छौ ।

म नाडा अटो शोको छैटो पटक सभापति भएर काम गरिरहँदा तपाईंहरुले हामीलाई लगाउनु भएको गुणको ऋण त हामीले तिर्न नसकौला तर हामी सधैभरि यो आत्मिय सम्बन्धलाई चाहिँ कायम राख्न सक्छौ यहाँहरुको सधैभरि हामीले सपोर्ट पाएका छौ किनकि यसमा कसैलाई केही लिनु कसैलाई केही दिनु नभए जस्तै हामी निस्वार्थ भावले एकअर्कालाई सहयोग गरेका छौ जसले देशको अर्थतन्त्रमा ठूलो योगदान पुर्याएको छ मिडियाकर्मी साथीहरुले बहु ठूलो सहयोग गर्दै आउनु भएको छ । यसवर्ष पनि यहाँहरुबाट हामीले ठूलो सहयोगको अपेक्षा गरेका छौ देशको कुनाकुनासम्म अटोमोबाइललाई माया गरिदिनुहुने सबैको कानकानमा नाडा अटो सो दुई हजार छब्बिस भदौ नौ देखि १४ गते सम्मको अटो शो लाई भव्य बनाउन सवैमा आग्रह गर्दछौ । नाडा अटो शो का सभापति तथा नाडाका कार्यसमिति सदस्य अरुण बरालले राख्नुभएको मन्तव्यको सार ।

## रामेछाप डायरी

### रामेछाप-५ रामपुरमा
## निःशुल्क आयुर्वेदिक स्वास्थ्य शिविर




रामेछापको रामेछाप नगरपालिका-५ रामपुरस्थित स्वास्थ्य चौकीमा निःशुल्क आयुर्वेदिक स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा १३४ जनाले निःशुल्क आयुर्वेदिक स्वास्थ्य परीक्षण तथा परामर्श सेवा लिएका छन् ।

बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, राष्ट्रिय निर्देशनालयअन्तर्गत आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय रामेछाप, मन्थलीको आयोजनामा शिविर सञ्चालन गरिएको हो । रामेछाप नगरपालिकाको कार्यालय, वडा नं. ५ को कार्यालय तथा स्वास्थ्य चौकी र रामेछाप नगरपालिका-७ स्थित आरोग्य केन्द्रको समन्वय तथा सहकार्यमा शनिबार बिहान १० बजेदेखि दिउँसो ३ः३० बजेसम्म शिविर सञ्चालन भएको थियो ।

शिविरमा महिला ९४ जना र पुरुष ४० जना गरी जम्मा १३४ जनाले निःशुल्क आयुर्वेदिक स्वास्थ्य परीक्षण, स्वास्थ्य परामर्श तथा उपचारसम्बन्धी सेवा लिएका थिए । ग्रामीण तथा स्थानीयस्तरमै आयुर्वेदिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आयोजना गरिएको शिविरबाट स्थानीय नागरिकले सहज रूपमा स्वास्थ्य परीक्षण तथा विशेषज्ञ चिकित्सकीय परामर्श पाएको आयोजकले जनाएको छ ।

## रामेछापमा २३ जनाले गरे रक्तदान



रामेछाप- राजयोगिनी दादाजी प्रकाशमणिको १९औं पुण्यतिथिको अवसरमा रामेछापमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । समाज सेवा प्रभाग ब्रह्माकुमारी राजयोग सेवा रामेछाप-मन्थलीको आयोजना तथा रामेछाप नगरपालिका र नेपाल रेडक्रस सोसाइटी रामेछापको समन्वय तथा सहकार्यमा शनिबार रामेछाप नगरपालिका-८ स्थित बुद्धचोकमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । बिहान ८ बजेदेखि ९ः३० बजेसम्म सञ्चालन भएको कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपाने, नेपाल रेडक्रस सोसाइटी रामेछापका सभापति शिवकुमार कार्की, मन्थली क्याम्पसका प्रमुख डा. कुमार श्रेष्ठ, रामेछाप नगरपालिका-८ का वडाध्यक्ष सन्तोषकुमार तामाङ, ब्रह्माकुमारी विष्णु दिदीलगायत करिब ७०-८० जनाको सहभागिता रहेको थियो ।

# पुनः सुरु हुँदै नेपालगञ्ज-पोखरा उडान




काठमाडौं- लामो समयदेखि रोकिएको नेपालगञ्ज-पोखरा नियमित हवाई सेवा निजी क्षेत्रको सेवा प्रदायक बुद्ध एयरले भदौ ३१ देखि पुनः सञ्चालन गर्न लागेको छ ।

यात्रुको माग बढेकाले उडान पुनः सञ्चालन गर्न लागेको हो । बुद्ध एयर नेपालगञ्जका प्रमुख विनीतविक्रम शाहले भारतको उत्तर प्रदेशलाई पोखरासँग सिधा जोड्ने यो उडानका लागि यात्रुको माग बढ्दै गएको छ । गत जेठ ५ गतेदेखि उडान स्थगित गरिएको थियो । भारतबाट आउने धार्मिक पर्यटकको सङ्ख्या घट्नु र इन्धन खर्च बढी भएकाले उडान रोकिएको शाहले बताउनुभयो । पछिल्लो समय धार्मिक पर्यटकको सङ्ख्या बढ्नाका साथै उडानको माग बढेकाले सेवा पुनः सञ्चालन गर्न लागिएको उनले जानकारी दिए ।

तालिकाअनुसार आइतबार, बुधबार र शुक्रबार उडान हुनेछ । त्यसका लागि बुकिङ खुला गरिएको बुद्ध एयरले जनाएको छ । नेपालगञ्ज-पोखरा उडान पुनः सञ्चालन हुने भएपछि बाँकेका पर्यटन व्यवसायी उत्साहित भएका छन् । पर्यटन प्रवर्द्धन मञ्च बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले पश्चिम नेपालसँगै भारतका नागरिकलाई पोखरासँग सिधा जोड्ने भएकाले यो उडान पर्यटन व्यवसायीका लागि महत्वपूर्ण रहेको बताए । स्थानीय पर्यटन व्यवसायीको लामो प्रयासपछि २०७८ साल साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज-पोखरा उडान सुरु गरिएको थियो ।

# सरकारले बालबालिका संरक्षणको जिम्मेवारी लिनुपर्छ : इन्दिरा राना



इन्दिरा रानामगर, प्रतिनिधि सभा सदस्य

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद इन्दिरा रानामगरले गैरसरकारी संस्था (एनजिओ)लाई मात्र दोष दिनुभन्दा सरकारले बालबालिका तथा लक्षित वर्गको संरक्षणमा प्रत्यक्ष जिम्मेवारी लिनुपर्ने बताएकी छन् ।

बिहीबार बसेको सार्वजनिक लेखा समितिको बैठकमा बोल्दै रानामगरले राज्यले गर्न नसकेका कतिपय काम एनजिओ, आईएनजिओ तथा नागरिक समाजले गरिरहेको बताइन् । त्यसैले राम्रा काम गरिरहेका संस्थालाई नियन्त्रण गर्नेभन्दा सहकार्य र प्रभावकारी अनुगमन गर्नुपर्ने उनको भनाइ छ । 'अरूलाई दोष दिनुभन्दा पहिला गभर्मेन्टले जिम्मेवारी लिनुपऱ्यो,' उनले भनिन् । सरकारले बालबालिकाको संरक्षण, शिक्षा, खाना र आवासलगायत आधारभूत आवश्यकताको जिम्मेवारी लिनुपर्ने उनले बताइन् ।

रानामगरले आफूले लामो समय एनजिओ क्षेत्रमा काम गरेको उल्लेख गर्दै संविधानले दिएको अधिकारअनुसार एनजिओ तथा आईएनजिओले सामाजिक क्षेत्रमा काम गरिरहेको बताइन् । सरकारले आफैंले गर्न नसक्ने काम गरिरहेका संस्थालाई अनावश्यक दुःख दिन नहुने उनको भनाइ थियो । 'आफू पनि हामी गर्न नसक्ने, अरू गर्ने मान्छेलाई पनि सहज नगर्दिने । खाली ब्लेम लाएर हुन्छ?' उनले प्रश्न गरिन् ।

एनजिओ तथा आईएनजिओले प्राप्त गर्ने रकमको पारदर्शिता र त्यसको प्रभावकारी अनुगमन आवश्यक रहेको पनि उनले बताइन् । विशेषगरी कर्णालीलगायत दुर्गम क्षेत्रमा सरकारी तथा अन्य स्रोतबाट जाने रकमको सदुपयोग भए-नभएको प्रभावकारी रूपमा निगरानी गर्नुपर्ने उनको भनाइ छ । समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको सम्पत्ति तथा स्रोतको समेत प्रभावकारी उपयोग हुन नसकेको उनले बताइन् । रानामगरले निजी क्षेत्र, एनजिओ तथा नागरिक समाजले पुऱ्याएको योगदानका कारण पनि मुलुकका विभिन्न सामाजिक क्षेत्र सञ्चालनमा सहयोग पुगेको बताइन् । राम्रा काम गर्ने संस्थालाई निरुत्साहित गर्नुको सट्टा राज्यले सहकार्य गर्दै पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिइन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ५,
२०८३ साल भदौ ९ गते मंगलबार
25 AUGUST 2026, TUESDAY

# नामी भिगो ई २ रु. ३५.९९ लाखमा सार्वजनिक

काठमाडौं- एमएडब्लू वृद्धि मोटर्सले नामी भिगो ई२ फुल एसयूभीलाई विशेष प्रारम्भिक मूल्य रु. ३५.९९ लाखमा सार्वजनिक गरेको छ ।

यो विशेष मूल्य नाडा अटो शोको समापनसम्म मात्र लागू हुनेछ । नाडापछि यसको नियमित मूल्य रु. ३७.९९ लाख कायम हुनेछ ।

सार्वजनिक समारोहमा एमएडब्लू वृद्धि ग्रुपका अध्यक्ष विष्णुकुमार अग्रवाल, डोङफेङ मोटर कर्पोरेसनकी दक्षिण एसिया क्षेत्रीय प्रबन्धक नोएमी, एमएडब्लू वृद्धिका प्रबन्ध निर्देशक विवेक सिकारिया, एमएडब्लू वृद्धिका निर्देशक पार्थ सिकारिया, एमएडब्लू ग्रुपको प्यासेन्जर कार डिभिजनका उपाध्यक्ष, सन्दीप चटर्जी; तथा एमएडब्लू वृद्धि मोटर्सका प्रमुख कार्यकारी अधिकृत प्रसन्न पन्तको गरिमामय उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै एमएडब्लू वृद्धि ग्रुपका अध्यक्ष विष्णुकुमार अग्रवालले भने, "भिगो ई२ को संशोधित मूल्यले नयाँ राष्ट्रिय बजेटको सकारात्मक प्रभावलाई प्रतिबिम्बित गर्छ । चुनिएका फिचर्सलाई सोचविचारपूर्वक समायोजन गर्दै हामीले भिगोको स्पेस, क्षमता र आत्मविश्वासलाई यथावत् राखेर फुल एसयूभी अनुभवलाई अझ धेरै नेपाली ग्राहकको पहुँचमा पुऱ्याएका छौं ।"

सहरभित्रको दैनिक आवतजावत, पारिवारिक यात्रा तथा नेपालभरका लामो दूरीका यात्रालाई ध्यानमा राखेर तयार गरिएको भिगो ई२ ले फुल एसयूभीको प्रभावशाली उपस्थिति, दैनिक उपयोगिता र आत्मविश्वास प्रदान गर्छ । यसको फुल एसयूभी पहिचान तीन प्रमुख आधारमा निर्माण भएको छः सर्वाधिक स्पेस, सर्वाधिक फिचर्स र उत्कृष्ट पर्फर्मेन्स ।

सर्वाधिक स्पेस अन्तर्गत भिगो ई२ मा पाँच जना सहजै बस्न मिल्ने फराकिलो क्याबिन छ, जसले पर्याप्त हेडरुम, सोल्डर रुम र लेगरुम प्रदान गर्छ । यसको २,७१५ एमएम ह्विलबेसले यात्रुलाई थप आराम प्रदान गर्छ भने ५७२ लिटरको विशाल बुट स्पेसले पारिवारिक सामान तथा दैनिक आवश्यकताका सामग्री राख्न पर्याप्त ठाउँ उपलब्ध गराउँछ ।




सर्वाधिक फिचर्स अन्तर्गत भिगो ई२ मा हिटेड तथा भेन्टिलेटेड सिट, मेमोरी सिट, एक्सटेरियर स्पिकर, नवीन 'हेभन एन्ड अर्थ टेलगेट' र डीजेआई-सञ्चालित एडीएएस उपलब्ध छन् । यी फिचर्सले प्रत्येक यात्रालाई थप आरामदायी, सुविधाजनक र आत्मविश्वासी बनाउँछन् ।

उत्कृष्ट पर्फर्मेन्स अन्तर्गत भिगो ई२ मा ५१.८७ किलोवाट-आवर क्षमताको ब्याट्री र ९९ किलोवाट मोटर जडान गरिएको छ, जसले डब्लूएलटीपी मापदण्डअनुसार ३५० किलोमिटरसम्मको रेन्ज प्रदान गर्छ । साथै, यसमा १९० एमएम ग्राउन्ड क्लियरेन्स छ र यसले १६७ किलोवाटसम्मको डीसी फास्ट चार्जिङ सपोर्ट गर्छ । यी विशेषताले भिगो ई२ लाई नेपालका विविध सडक तथा ड्राइभिङ अवस्थाका लागि उपयुक्त बनाउँछन् । भिगोको कथा सार्वजनिक समारोहमा गरिएका दाबीमा मात्र सीमित छैन-यो नेपालका सडकमा पहिल्यै प्रमाणित भइसकेको छ । हाल नेपालभर २,००० भन्दा बढी नामी गाडी सञ्चालनमा छन् । भिगोले मनाङ, मुस्ताङ, शुक्लाफाँटा, सल्लेरीलगायत देशका विभिन्न भूगोल र चुनौतीपूर्ण मार्गमा आफ्नो क्षमता प्रदर्शन गरिसकेको छ ।

यी वास्तविक यात्राले नेपालको विविध भू-बनोटमा आत्मविश्वासका साथ प्रदर्शन गर्ने भिगोको क्षमतालाई प्रमाणित गर्दै यसलाई नेपाली चालकको आवश्यकताअनुसार निर्माण गरिएको फुल एसयूभीका रूपमा स्थापित गरेका छन् । ग्राहकले शोरुम र नाडा अटो शोमा रहेको नामी स्टलमा पुगेर भिगो ई२ को प्रत्यक्ष अनुभव लिनुका साथै विशेष मूल्य रु. ३५.९९ लाखमा आफ्नो फुल एसयूभी बुक गर्न सक्नेछन् । यो विशेष मूल्य नाडा अटो शोको समापनसम्म मात्र लागू हुनेछ । त्यसपछि भिगो ई२ को नियमित मूल्य रु. ३७.९९ लाख कायम हुनेछ ।

**देउवाले पुन...**

जेन्जीको आन्दोलनबाट नयाँ म्यान्टेड आएको छ । तै पनि विश्वसनीय वातावरण भने बन्न सकेको छैन । २०८२ साल भदौ २४ गते भडकिएको जेन्जी आन्दोलनमा घाइते भएका पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका पूर्व सभापति समेत रहेका शेर बहादुर देउवा झण्डै एक वर्ष सिगापुर उपचार गराएर फर्केका छन् ।

नेपाली काँग्रेसको इतिहाँस देखेका,भोगेका वा पढेकाहरुको लागि भने देउवाको स्वदेश प्रवेश सँगै विपी कोइरालाले २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति अपनाएर स्वदेश फर्केर बरु म मारिन सक्छु, जेल जान सक्छु । तर पराईको अधिनमा देश जान दिन्न भन्ने जुन अठोट र आट गरेर स्वदेशमा राजनीतिक साहास गरेका थिए । त्यही साहास र त्यही नीति देशको लागि यतिवेला आवश्यक भएको धेरैले राजनीतिक अडकल गर्न थालेका छन् । यो नीति भनेको नेपालमा धार्मिक रुपमा आएको दरारलाई पुर्ति गर्ने अर्थात धर्म निरपेक्षको ठाउँमा धार्मिक स्वतन्त्रता वा सनातन हिन्दु राष्ट्र राख्ने गरी संविधान संशोधन देशमा राजनीतिक पार्टीहरुको अस्थिर प्रबृतिको कारण नागरिकहरुमा ढुक्कसँग निदाउन नसक्ने अवस्था एक खालको त्रासले कतै संवैधानिक राजतन्त्र वा सेरोमोनियल राजतन्त्र होकी भन्ने अवस्थाको सृर्जना भएको जस्तो देखिदै गएको छ ।

नेपालका प्रधानमन्त्री मुस्ताङ भ्रमणमा निस्कनु, नेपालका प्रधानन्याधिस प्रधानमन्त्रीको भ्रमणमा सँगै हुनु, पूर्व प्रधानमन्त्री शेर बहादुरका विश्वास पात्रले प्रधानमन्त्री मुस्ताङ भ्रमणमा जान पोखरा पुगेको वेला भेघाट गर्नु यता धवल शम्शेर जबराको नेतृत्वमा जय नेपाल पार्टी स्थापना गर्नु जस्ता घटनाहरु हेर्दा तत्कालीन अवस्थामा देउवाले लामो समय घाइते अवस्थामा विदेश बस्दा आफ्नो देश भन्दा ठूलो केही रहेनछ भन्ने अठोट लिएर बिपीको राष्ट्रिय मेलमिलापको नीतिलाई उजागर गर्नेगरी आएका हुनसक्छन् भन्ने अडकल गर्न थालिएको छ । कुनैवेला पश्चिमा शक्ति लबिको नेता भनेर आरोप खेप्दै आएका देउवाले पछिल्लो पटक आफुलाई हिन्दु भएको भनेर प्रष्टिकरण दिनुपर्ने अवस्था आउनु भनेको निक्कै गम्भिरता पूर्वक लिनुपर्ने अवस्था आईसकेको भान भएको छ ।

देशमा धार्मिक दंगा, राजनीतिक विवाद, र सामाजक रुपमा तितर वितर भएर रहेको समाजलाई एक ढिक्का बनाएर नेपालीहरुको स्वाभिमानमा आच आउन नदिनेगरी सवै पक्ष सरकार पक्ष, विपक्ष नेपालका आफ्नो सवै शक्ति एक ठाउमा ल्याउन देउवाले भूमिका निर्वाह गरुण र नेपालको स्वभिमान सधै उच्च राख्ने काम गरुण त्यो जिम्मेवारी पुरा गरेपछि नेतृत्व आफैले लिने होइन पुस्तारणमा हस्तान्तरण गरुण भन्ने ढंडवाट समाजमा विषय उठ्न थालेका छन् ।

यो विषयलाई कतिको गम्भिरताका रुपमा लिन्छन र कार्यन्वयन गर्छन् । पूर्व प्रधानमन्त्री समेत भईसकेका लोकतान्त्रिक आन्दोलनको समेत नेतृत्वकारी भूमिका निर्वाह गरेका देउवाको उनको कार्यसम्पादन क्षमतामा भर पर्ने देखिन्छ । देशले निकास पाउनुपर्छ । राष्ट्र गरिव भएर केही हुदैन । तर स्वाभिमान गुम्यो भने सदाको लागि गुलाम बन्नुपर्छ । त्यसकारण नेपाललाई स्वाभिमान देशको रुपमा नै राखिरहन नेपालीहरु चाहान्छन् ।

**जन आकाश....**

स्वागत र्निते गरेर कार्यक्रममा उपस्थितिलाई आकर्षण भरेका थिए । संगीत खबर कार्यक्रमा भाग लिएका कलाकार र जन आकाशकै पत्रकार विनोद कार्कीले लेखेको फुल भिरैमा लोक आधुनिक गीतमा स्वर दिएका गायक, गायिका, नृत्य, संगीत दिएका सवै कलाकारहरुलाई कदर पत्रले सम्मानित गरिएको छ ।

उपस्थित सवैलाई कार्यक्रमका सभापति तथा प्रमुख अतिथिको हातबाट मायाको चिनोले सम्मानित गरिएको छ । जन आकाश साप्ताहिकले विगत १० वर्षदेखि सामाजिक उत्तर दाईत्वको क्षेत्रमा काम गर्दै आएको छ ।

**अबको ३५...**

योजना निर्माण गर्नुपर्ने उनको भनाइ थियो । "अब ३५ वर्षको हिसाबको कुरा गर्ने होइन, ३५ वर्षको योजना ल्याउनुपर्छ," लामिछानेले कार्यशालामा भने । विगतमा भएका कामका लागि सम्बन्धित पक्षलाई धन्यवाद दिँदै अब देशलाई आगामी ३५ वर्षमा कस्तो बनाउने भन्ने जिम्मेवारी नयाँ राजनीतिक पुस्ताको हातमा रहेको उनले बताए ।

लामिछानेले विगतमा आफूहरूले अन्य राजनीतिक दल र नेतामाथि दोष लगाएर आफूलाई तुलनात्मक रूपमा राम्रो देखाउने अवस्था रहेको भए पनि अहिले परिस्थिति फरक भएको बताए । "हिजो हामीले दोष लगाउने कैयौं मानिसहरू थिए, कैयौं नेताहरू थिए । आज कसलाई दोष देखाउने ?" भन्दै उनले पार्टीका नेताहरूलाई आत्मसमीक्षा गर्न आग्रह गरे ।

उनले रास्वपाका नेता तथा कार्यकर्तालाई अब परिणाममुखी राजनीतिमा केन्द्रित हुन निर्देशन दिए । राम्रो काम गर्न नसके पनि कम्तीमा गलत काम नगर्ने राजनीतिक संस्कार विकास गर्नुपर्ने उनको भनाइ थियो ।

लामिछानेले वर्तमान राजनीतिक अवस्थाबारे टिप्पणी गर्दै अहिले सरकार मात्रै बलियो नभएको, प्रतिपक्ष पनि झन् बलियो रहेको दाबी गरे । उनले बलियो प्रतिपक्षलाई राजनीतिक रूपमा प्रभावकारी ढंगले अघि बढाउन नसके त्यसको परिणाम पार्टीका लागि चुनौतीपूर्ण हुन सक्ने बताए । उनले रास्वपाले स्थानीय तहमा आफ्नो उपस्थिति बलियो बनाउनुपर्नेमा समेत जोड दिए । स्थानीय सरकारमा पार्टीको प्रभावकारी उपस्थिति बन्न नसके राजनीतिक रूपमा पछि पर्ने उनको भनाइ थियो । त्यसका लागि केन्द्रीय सदस्यहरूलाई विभिन्न जिम्मेवारी दिएर गाउँ-गाउँमा पठाउने र जनतासँग प्रत्यक्ष संवाद बढाउने योजना उनले सुनाए ।

लामिछानेले आफू पनि मधेश जाने तयारीमा रहेको बताउँदै पार्टीका केन्द्रीय सदस्यहरूलाई बस्ती-बस्तीमा पुगेर सरकारले गरेका काम तथा पार्टीका एजेन्डाबारे जनतालाई जानकारी गराउन आग्रह गरे । रास्वपाले सुशासनको मुद्दा उठाउँदै आएको उल्लेख गर्दै उनले पार्टीले उठाएका प्रश्न र अभियानलाई जनस्तरसम्म पुऱ्याउनुपर्ने बताए ।

उनका पछिल्ला अभिव्यक्तिमा पद प्राप्तिभन्दा राजनीतिक उद्देश्य, विगतको आलोचनाभन्दा भविष्यको योजना र सरकारको आलोचनासँगै प्रतिपक्षको जिम्मेवारीलाई प्राथमिकता दिएको देखिन्छ । रास्वपाका सभापति लामिछानेले पार्टीलाई संगठनात्मक रूपमा विस्तार गर्दै स्थानीय तहसम्म बलियो बनाउने र आगामी राजनीतिक यात्राका लागि नयाँ रणनीति निर्माण गर्नुपर्ने सन्देश कार्यशालामार्फत दिएका छन् ।

# गरिमा विकासको केन्द्रीय कार्यालय स्थानान्तरण

काठमाडौं- गरिमा विकास बैंक लिमिटेडको बालुवाटारस्थित नवनिर्मित केन्द्रीय कार्यालयको ३ गते बुधबार समुद्घाटन गरिएको छ ।

कार्यालयको समुद्घाटनसँगै हाल लाजिम्पाट, काठमाण्डौमा रहेको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौमा स्थानान्तरण गरिएको हो । विकास बैंकको आफ्नै स्वामित्वमा रहेको भवनमा स्थापित केन्द्रीय कार्यालयको नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेल एक समारोहबीच समुद्घाटन गरेका हुन ।



२०६४ साल कार्तिक १८ गते स्याङ्जाको वालिङबाट औपचारिक रूपमा वित्तीय कारोबार प्रारम्भ गरेको विकास बैंकले २०६७ साल वैशाख १ गते कास्कीको महेन्द्रपुलमा केन्द्रीय कार्यालय स्थानान्तरण गरेको र राष्ट्रियस्तरको विकास बैंकमा स्तरोन्नति भएपश्चात २०७३ साल चैत २७ गते आफ्नो केन्द्रीय कार्यालय पोखराबाट काठमाण्डौको लाजिम्पाटमा स्थानान्तरण गरेको थियो । नवनिर्मित केन्द्रीय कार्यालयको समुद्घाटनको कार्यक्रमको अवसरमा कार्यालय परिसरमा निर्मित मन्दिरमा शिव पाञ्चायन प्राण प्रतिष्ठा सहित धार्मिक पूजाआजा समेत आयोजना गरिएको थियो ।

समुद्घाटन समारोहमा नेपाल राष्ट्र बैंकका गर्भनर प्रा.डा.विश्वनाथ पौडेलसँगै, धितोपत्र बोर्डका अध्यक्ष डा.गोपाल प्रसाद भट्ट, नेपाल राष्ट्र बैंक लगायत अन्य नियमनकारी निकायका पदाधिकारीहरु, गरिमा विकास बैंकका संचालक समितिका सदस्यहरु, विकास बैकका पूर्व पदाधिकारीहरु, उच्च व्यवस्थापन पदाधिकारीहरु, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत सहित उच्च पदस्थ पदाधिकारीहरु, विकास बैंकका शेयरधनीहरु, कर्मचारीहरु, ग्राहकहरु लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

समुद्घाटन कार्यक्रममा बोल्दै विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री माधव प्रसाद उपाध्यायले २०६४ सालमा स्याङ्गजाको वालिङबाट शुरु भएको यात्रा पोखरा हुँदै २०७३ सालमा काठमाण्डौ आइपुगेकोमा, आफ्नै स्वामित्वको भवनमा केन्द्रीय कार्यालय सञ्चालनमा आएसँगै विकास बैंकको अर्को अध्याय शुरु भएको बताए ।

सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



भाग १

# दिव्य साधना



## दामोदर ढकाल ‘ दीपक’

जीवनको सत्कर्मको मार्ग

हुन त अहिले मलाई धेरैले गुरु भन्छन् । तर मलाई यो सम्बोधन खासै रुचिकर लाग्दैन । मेरो यो धर्तीमा भएको जन्म कसैलाई सिकाउनका लागि भन्दा पनि गुरुबाट ज्ञान सिक्नका लागि भएको हो । मलाई ज्ञानको मार्गमा डोऱ्याउने मेरा गुरुको सान्निध्यमा पुगेर स्वतन्त्र भएको पनि धेरै समय भएको छैन । उहाँले मलाई ज्ञान दिँदा मैले कहिल्यै कुनै प्रकारको अल्छी वा वितृष्णा प्रकट गरिनँ । उहाँका प्रत्येक वाणीमा अमृतसमान गहिरो तत्त्व लुकेको हुन्थ्यो । म उहाँका कुराहरू अचम्मित हुँदै, सधैँ एक अति जिज्ञासु र उत्सुक विद्यार्थीझैँ सुनिरहन्थेँ ।

म आज जुन स्थानमा छु त्यो केवल गुरु कृपाको परिणाम हो । म त केवल एउटा साधारण बेलुन हुँ । जसलाई मेरा गुरुले आफ्ना ज्ञानको हावा भरेर फुलाइदिनुभएको छ। आज यो फुलेको रूप देखेर बालबालिकाले वाहवाही गरेजस्तै सबैले मलाई एउटा गुरुको रूपमा हेरिरहेका छन् । तर यथार्थमा मभित्र कुनै असिमित ज्ञान वा आफ्नै बलबुताको ज्ञान छैन । म त केवल गुरुले सिकाइएका कुराहरूलाई सहज रूपमा प्रस्तुत गर्ने एक माध्यम मात्र बनेको छु । यसैले त भनिएको छ,

“गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परं ब्रह्म तस्मै श्रीगुरवे नमः ।।”

आज म एक विशाल सत्सङ्गमा उपस्थित छु । जहाँ लाखौँ श्रद्धालु भक्तहरूको उपस्थिति रहेको छ । पहिले-पहिले यस्ता आध्यात्मिक सभाहरूमा मेरा गुरु स्वयम् जानुहुन्थ्यो । तर आज यो उत्तरदायित्व मलाई सुम्पिनुभएको छ । चारैतिर स्वागतका आकर्षक ध्वजापताकाहरूले सभास्थल सिङ्गारिएको छ । कतै वैदिक विधिपूर्वक होमहोमादी भइरहेको छ । कतै ग्रन्थहरूको पाठ त कतै सङ्गीतमा मग्न भएर भजनकीर्तन चलिरहेको छ । यो दृश्य हाम्रो सनातन संस्कृतिको एक विराट र भव्य महोत्सवजस्तै बनेको छ ।

यहाँ मेरो मुख्य भूमिका जिज्ञासुहरूले राख्नुभएको प्रश्नहरूको उत्तर दिनु हो । म उत्तर दिनका लागि तयार भएर कठघरामा उभिएको छु । मेरा गुरुले धर्तीमा एक दिव्य साधकको पदार्पण भएको कुरा पहिले नै सबैलाई अवगत गराउनुभएको हुनाले आज यहाँ उपस्थित धेरैजसो जिज्ञासुहरूमा मप्रतिको गहिरो कौतुहलता र प्रश्नहरू छन् ।

मानिसहरूले मलाई एक दिव्य साधक र एक गुरुका रूपमा सम्मान दिएका छन् । मैले अघि नै भनेँ,मेरो यो बाहिरी आकर्षक रूप फुलाउने काम मेरा गुरुले नै गर्नुभएको हो । म अहिले पूर्णरूपमा शान्त छु, मौन छु र जिज्ञासुहरूका प्रश्नको प्रतीक्षामा छु । एकदिन मेरा गुरुले मलाई आश्वस्त पार्दै भन्नुभएको थियो,

“तिम्रा हरेक जिज्ञासाहरूको उत्तर स्वयं परमात्माले तिम्रो वाणीमार्फत यो धर्तीमा सिञ्चित गर्नुहुनेछ ।“ त्यसैले म पूर्ण रूपमा ढुक्क छु र प्रश्नहरूको उत्तर दिन तत्पर भएर बसेको छु ।

धर्मसभामा उपस्थित जिज्ञासुहरूको नाम क्रमिक रूपमा टिपिसकिएको छ । कार्यक्रम सञ्चालकले अनुमति दिँदै पहिलो जिज्ञासुलाई आफ्नो प्रश्न राख्न आमन्त्रित गरे ।

पहिलो जिज्ञासुले आदरपूर्वक सोधे,

“गुरुदेव! हजुरको जन्म,मातापिता तथा बाल्यकालको पारिवारिक पृष्ठभूमिबारे सुन्न हामी अति उत्सुक छौँ ।“ मैले गहिरो श्वास फेर्दै उत्तर दिएँ

“हार्दिक धन्यवाद छ । यो सुन्दर जिज्ञासाका लागि । आजभन्दा ठ्याक्कै पचास वर्ष अगाडि मेरो जन्म प्रकृतिको काखमा रहेको रमणीय कालीगण्डकी किनारको पर्वत जिल्लामा भएको हो । मेरी माताको नाम श्रीदेवी र पिताको नाम नरोत्तम हो । जब मेरो चूडाकर्मको संस्कार सम्पन्न भयो,त्यसको ठिक चार दिनपछि मैले मेरो घर सदाका लागि छोडेँ । त्यसपछि म कहिल्यै घर फर्किएको छुइनँ । मलाई त्यसपछिका दिनहरूमा घरपरिवारमा के-कस्ता घटनाहरू घटे कुनै पनि कुराको जानकारी छैन । म त त्यसबेलादेखि आजसम्म निरन्तर गुरुको सेवा र उहाँकै सामीप्यमा आनन्दित भएर बसेको छु ।“

मेरो यो उत्तर समाप्त हुन नपाउँदै अर्को ठाउँबाट जिज्ञासा आयो

“तपाईंले यति सानो उमेरमा घर छाड्नुको खास कारण के थियो ? र घर छाड्दा तपाईंको उमेर कति भएको थियो?“

मैले सम्झँदै भन्न थालेँ

“म घर छाड्दा केवल आठ वर्षको मात्रै थिएँ । त्यो बाल्यकालमा घर छोड्नुपर्ने परिस्थिति निकै अनौठो र हृदयविदारक थियो । हाम्रो परिवार पूर्ण रूपमा दुईवटा कुरामा मात्र आश्रित थियो । त्यो के त भने कृषि र पशुपालन । मलाई परिवारले दिएको जानकारीअनुसार, जुन दिन मेरो अन्नप्राशन गरिएको थियो,त्यसै दिनदेखि मैले आमाको दूध सेवन गर्न छोडेँ अरे! पछि आमाको अथवा गाई-भैंसीको कुनै पनि दुग्धजन्य पदार्थ मैले मुखै नलगाएपछि घरका ठूलाहरूले मेरो स्वास्थ्य कमजोर नहोस् र शरीरमा पोषण पुगोस् भनेर मलाई माछामासुको सुप खुवाउने योजना बनाउनुभयो । तर जब त्यो खानेकुरा मेरो मुखमा पर्थ्यो तब म तुरुन्तै बान्ता गरिहाल्थेँ र उहाँहरूको त्यो प्रयास असफल बन्थ्यो ।

मलाई खानका लागि मनपर्ने चिजहरू भनेका केवल सामान्य सागपात,दाल,गेडागुडी, रुखका पात र वनस्पतिजन्य डाँठहरू मात्र थिए । म खाना पनि अत्यन्तै थोरै खान्थेँ र सधैँ एकान्तमा बस्न रुचाउँथेँ । मेरो बाल्यकाल यसरी नै बित्यो । हाम्रो गोठमा गाई-भैँसीहरू थिए । भाँडाभरी दूध हुन्थ्यो तर मैले दूध,दही,मोही वा घिउ कहिल्यै खाइनँ । घरमा खसी,बाख्रा र परेवाहरू पालिएका थिए । दाजुहरूले कालीगण्डकीबाट माछा मारेर ल्याउनुहुन्थ्यो तर म ती कुनैपनि चिजहरू खान त परै जाओस् हेर्न पनि मन गरिनँ । गाउँमा वर्षको दुईपटक देवीको पूजा वा आराधाना भनेर सबै गाउँलेहरू जम्मा भएर पाठी काट्ने र भोज खाने चलन थियो । जुन मलाई पटक्कै मन पर्दैनथ्यो र मनमा ठूलो दिग्दार लाग्थ्यो । विवाहका भोजहरूमा पनि खसी काटिन्थ्यो । दसैँ जस्ता चाडपर्वमा त घर-घरमा निरीह पशुपक्षीको बलि दिइन्थ्यो । खेतबारी जोत्ने गोरुहरूलाई घाँस खोले खुवाएर बलिया बनाउथे र जोत्दा भने लामो लौरोले कुटेर हिँडाउने चलन थियो । गाई-भैँसीले दूध दिएनन् भने कतिपयले गाईलाई खुट्टा बाँधेर अनि भैँसीलाई केराको दाम्चाले ड्याम-ड्याम चुटेर दुहुने गर्थे । यी सबै हिंसासँग सम्बन्धित क्रियाकलापले मेरो बाल मस्तिष्क र कोमल हृदयलाई अत्यन्तै दुःखी बनाउँथ्यो । यद्यपि, हाम्रो परिवार त्यही कृषिकर्म र पशुपालनमै रमाइरहेको थियो । समाजका अन्य मानिसहरू पनि यसैमा अभ्यस्त थिए । तर मेरा लागि यो सहिनसक्नुको कुरा भइसकेको थियो ।

जब मेरो चूडाकर्मको संस्कार सम्पन्न भयो तब मेरो मनले घर त्याग गर्ने पक्का योजना बनाइसकेको थियो । चूडाकर्म सकिएको ठिक चार दिनपछि औँसीको रात परेको थियो । रातको करिब तीन बजे त्यो चुक झैँ अन्धकारमा म कसैलाई पत्तो नदिइकन घरबाट सुटुक्क निस्किएँ । तर निस्कनुअघि मैले सिरानीमा एउटा सानो चिठी छोडेर गएको थिएँ । जहाँ यस्तो लेखेको थिएँ

मेरा आदरणीय परिवार जन मेरो खोजी नगर्नुहोला । मेरो जन्म कुनै महान् उद्देश्यका लागि भएको हो । म सत्यको खोजीमा घरबाट निस्किएको छु ।

तर विडम्बना! जब म घरबाट भागेर मुस्किलले दुई कान्ला मात्र तल झरेको थिएँ,अर्को कान्लाको डिलमा चिप्लिएर नराम्रोसँग पछारिएँ । र गुल्टिँदै तल गल्लीको ढुङ्गामा बजारिन पुगेँ । मलाई शारीरिक रूपमा अति नै पीडा भयो । तर घर छोडेर भागेको मान्छे रुनु हुँदैन भन्ने सोचाइले म चुपचाप पीडा सहेर बसेँ । न त मेरा खुट्टा राम्ररी चल्न सक्थेँ,न त म छटपटिन नै सकेको थिएँ । ठ्याक्कै त्यही सङ्कटको घडीमा हातमा टर्च बालेर मेरा गुरु त्यहाँ आइपुग्नु भयो । मैले हतास हुँदै साउतीको स्वरमा उहाँलाई आफ्ना सबै घटनाहरूको नालीबेली सुनाएँ । उहाँले मलाई माया गरेर औषधि लगाइदिनुभयो । मेरो जन्मघर रहेको दिशातिर फर्केर आदर पूर्वक ढोग्नुभयो । अनि म लडेको ठाउँको अलिकति पवित्र माटो उठाएर आफ्नो माथमा लगाउनुभयो । त्यसपछि उहाँले मलाई एउटा जडीबुटी मिश्रित औषधि खुवाउनुभयो । त्यो औषधि सेवन गर्ने बित्तिकै मेरो चेतना हरायो । जब मैले आँखाहरू खोलेँ तब म आफूलाई गुरुको दिव्य आश्रममा सुरक्षित पाउँदै बिउँझिएको थिएँ ।“ मैले यी सबै विगतका कुराहरू बिस्तारै बोलिरहँदा उपस्थित सम्पूर्ण जनसमुदाय एकदमै निराश र एकाग्र भएर मलाई हेरिरहेका थिए । ठीक त्यही बेला कार्यक्रम सञ्चालकले सन्ध्याकालीन आरतीको समय भइसकेको जानकारी गराए । भोलिपल्ट दिउँसो तीन बजेदेखि दिव्य साधकसँग पुनः जिज्ञासा राख्ने समय तोकिएको कुरा सबैलाई अवगत गराउँदै बाजागाजा र हर्षोल्लासका साथ भव्य आरतीको शुभारम्भ भयो,

“ॐ जय जगदीश हरे, स्वामी जय जगदीश हरे...!”

# गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी



## ढकाल शिखरनाथ बेलकोटे

छन्दः मन्द्राकान्त

माता लक्ष्मी खुदभुवनकी सृष्टि दाता मुहान ।
बन्दै सारा चहकपथमा ज्योति छर्दै बिहान ।।
झुल्कीआभा झलमल सदा शैल सारा फिँजारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।१

साध्वी ज्ञानी अतुलगुणको भावले चित्र भर्ने ।
विद्या खाली मनमगजमा सभ्यताले सपार्ने ।।
छोरी उम्दा कुलसदनकी पुज्यताकी पुजारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।२

हुर्की सानी सयलसुखले ज्ञान विद्या जवानी ।
बढ्दै आए तनवदनमा शाधनाले बखानी ।।
दिन्छिन् तोडी छलकपट ती सभ्यतामा उतारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।३

नेपालीको शुभवचनका मातृभाषा सुधार्न ।
पढ्ने लेख्ने पठनगुणको भावनामा उतार्न ।।
होउन् छोरी असल गुणकी योग्यताले सपारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।४

शिक्षाप्रेमी घरजमगरी योग्यताको छहारी ।
बन्दै मार्गी असलसुतको सृष्टि आफैँ उतारी ।।
छोरी जस्तै परगृह गए मान्य बन्दै बुहारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन् श्रेष्ठ नारी ।।५

गौरी लक्ष्मी खुदभगवती योग माया दिवानी ।
देवी माता शुभवर दिने ज्ञान दाता भवानी ।।
जस्तै बोल्ने गृहसमरमा सभ्य भाषा पुकारी ।
गार्गी जस्तै भुवनतलमा जन्मियुन श्रेष्ठ नारी ।।६

# एक्काइसौं शताब्दीको महाभारतको कथा



## लिला माया ढकाल गौतम

फेरि शुरु भयो
एक्काइसौं शताब्दीको
महाभारतको कथा ।

चिरहरण हुदै छ लोकतन्त्रको
तर मौन छन कृष्ण
मनोमानि गरिरहेछन दुर्योधन र शकुनि
देशको अस्मितासग पासा खेल्दै ।

मर्माहत छन देशबासिहरु
भ्रममा रुमलिएको छ सिङ्गो कुरुक्षेत्र
शकुनिका जालहरुले
जतासुकै बिछ्याइएका छन पासाहरु
अन्योलमा रुमलिएको बेला
कहा खोज्नु र गाण्डिव्धारीलाइ ?

आमाको अस्मिता बन्दकी राखेर
राज्यको इज्जत ढाक्न
व्यास्त छन चारैतिर
भेषधारी दुर्योधन र शकुनिहरु ।
अस्त्रबिहिन लाचार अर्जुन जस्तै
गाण्डीव खोसिएको झै देखिन्छन
पटक पटक देशको अस्मितमाथि
खेलबाड हुदा सबै मौन छन ।

छलिएका छन देशबासी
नक्क्ली दुः शासन शकुनिले
फिजाएको पासादेखि
अर्जुनको नाममा
यो स्वार्थको महाभारत रचिरहेछन
मनोमानी र तानाशाहीको खेती
मच्चाउदै छन फेरि
अर्को महाभारतको युद्ध ।

सन्त्रास्त्र समयमा बाचेकाहरुमाथि
कहिले अन्त्य होला महाभारतको युद्ध !
र, उत्साह फक्रलान आखाहरुमा ।

# आसु बिक्ने सहर’को म्युजिक भिडियो सार्वजनिक




काठमाडौं । गायक विजय थापाको स्वरमा रहेको ‘आसु बिक्ने सहर’ गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । शंकर भुजेलको शब्द, एनिस एन्जल राईको संगीत, बुद्ध स्याङबोको एरेञ्ज तथा प्रकाश केसीको मिक्सिङ-मास्टरिङ रहेको गीत ड्रिम स्टुडियोमा रेकर्ड गरिएको हो ।

गीतको भिडियोमा गायक विजय थापासहित एमबी राउत र अप्सरा मगरको अभिनय रहेको छ । ओम प्रसाईको छायांकन तथा सम्पादन रहेको भिडियो काठमाडौं उपत्यका र आसपासका रमणीय क्षेत्रमा छायांकन गरिएको हो ।

ग्यालरी हाउसको पोस्ट प्रोडक्सन र एम वि राउतको प्रस्तुतिमा तयार भएको भिडियोको निर्देशन गायक थापा स्वयंले गरेका हुन् ।एक दशकदेखि साहित्य, कला तथा संगीत क्षेत्रमा सक्रिय थापा विभिन्न अवार्ड तथा सम्मानबाट सम्मानित भइसकेका छन् । उनी अहिले विभिन्न स्टेज कार्यक्रममार्फत सांगीतिक यात्रालाई निरन्तरता दिइरहेका छन् ।

# ‘गौँथली’को व्यापार २५ करोड पार

काठमाडौं- गत साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘गौँथली’ले घरेलु बक्स अफिसमा २५ करोडको आँकडा पार गरेको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको सिनेपाः विवरणअनुसार फिल्मले भदौ ७ गते आइतबारसम्म २५ करोड ५ लाख ६५ हजार ७७२ रुपैयाँ ग्रस कमाइ गरेको छ । फिल्मको उक्त कमाइ ९ लाख ९ हजार ४२६ वटा टिकट बिक्रीबापत भएको हो ।

सर्वकालीन दोस्रो धेरै कमाउने फिल्म बनिसकेको ‘गौँथली’ले पछिल्लो ७ दिनमा मात्र डेढ करोडभन्दा बढी कमाइ गरेको छ । फिल्मको यो व्यापार प्रदर्शनको पाँचौ हप्ताको हो । यसरी हेर्दा फिल्मप्रति दर्शकको आकर्षण अझै नघटेको देखिन्छ । तर, अब फिल्मका लागि सबैभन्दा ठूलो चुनौती भदौ १० गतेबाट प्रदर्शन हुने साउथ फिल्म ‘टक्सिक’ हुनेछ ।

बोर्डले ‘गौँथली’सँगै साउनका अन्य दुई फिल्म ‘हली’ र ‘लज्जावती’को कमाइ विवरण पनि सार्वजनिक गरेको छ । साउन २२ गते रिलिज भएको ‘हली’ले ७ भदौ (आइतबार)सम्म २२ लाख ९३ हजार ९२० रुपैयाँ ग्रस कमाएको छ । अघिल्लो साताभन्दा फिल्मको यो व्यापार १ लाख १६ हजारले मात्र बढी हो । फिल्मका अहिलेसम्म ८ हजार ३८५ वटा टिकट बिक्री भएका छन् । त्यस्तै, साउन २९ गते रिलिज भएको ‘लज्जावती’ले ७ लाख ६८ हजार ४५० रुपैयाँ ग्रस कमाएको छ । आइतबारसम्म फिल्मका २ हजार ६९६ वटा टिकट बिक्री भएको बोर्डको तथ्यांकमा देखिन्छ । साउनमा रिलिज भएको अर्को फिल्म ‘कमला मिस’को भने दोस्रो साताको कमाइ विवरण बोर्डले सार्वजनिक गरेको छैन । यसको अर्थ पहिलो साताबाटै फिल्म सम्पूर्ण हलबाट उत्रिएको छ ।



का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ५,
२०८३ साल भदौ ९ गते मंगलबार
25 AUGUST 2026, TUESDAY

# भारतीय सिएरा.ईभी नाडा अटो शोमा आज सार्वजनिक हुँदै



काठमाडौं- भारतीय अटोमोबाइल बजारमा आफ्नो उत्कृष्ट पर्फर्मेन्स, अत्याधुनिक प्रविधि र फ्युचरिस्टिक डिजाइनका कारण ऐतिहासिक सफलता हासिल गरेपछि बहुप्रतीक्षित सिएरा.ईभीको नेपालमा आधिकारिक आगमन भएको छ।

लन्चअघि नै अटो पारखीहरूमाझ व्यापक कौतुहलता सिर्जना गर्न सफल यो मोडल भदौ १० देखि १५ सम्म काठमाडौंमा आयोजना हुने नाडा अटो शो मा आधिकारिक रूपमा सार्वजनिक हुन लागेको हो।

आफ्नो सेग्मेन्टमा अत्याधुनिक प्रविधि, प्रिमियम फिचर्स र विशिष्ट डिजाइनको बेजोड संगम बोकेको सिएरा.ईभी नेपाली बजारमा भित्रिने नयाँ बेन्चमार्क इभी मोडल हो। भारतीय बजारमा बिक्री र बुकिङका नयाँ मापदण्ड कायम गरेको यस गाडीले नेपाली विधुतिय सवारीसाधनको क्षेत्रमा समेत नयाँ उचाइ थप्ने अपेक्षा गरिएको छ।

नेपाली सडकको बनावट र आधुनिक चालकको आवश्यकतालाई दृष्टिगत गरी भित्र्याइएको सिएरा.ईभीले प्रिमियम राइडिङ र ड्राइभिङ डाइनामिक्सको नयाँ मानक स्थापित गर्नेछ। दमदार रोड प्रेजेन्स, उत्कृष्ट ब्याट्री रेन्ज र मजबुत निर्माण शैलीका साथ आउँदै गरेको सिएरा.ईभी ले नेपालको इभी क्षेत्रमा नयाँ व्यावसायिक क्रान्ति ल्याउने निश्चित छ। उक्त कार नेपालको प्रसिद्ध कम्पनी सिप्रदी ट्रेडिङले सिएरा.ईभी ल्याएको हो। सिप्रदी ब्राण्डिङ हेरिरहेकी अभिरुची गिरीका अनुसार "यस कारले उपभोक्तको मागलाई र सुविधालाई ध्यानमा राखेर निर्माण गरिएको हुनाले भरपर्दो र विश्वासिलो छ।" उनको भनाइ छ।

## नाडाको स्वर्ण जयन्ती संस्करण ‘१८औँ नाडा अटो शो’ सुरु




काठमाडौं- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको ५० वर्षे यात्राको अवसरमा आयोजना गरिएको ‘एचपी ल्युब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो शो २०२६’ आजदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको छ। नाडाको स्वर्ण जयन्ती संस्करणका रूपमा आयोजना गरिएको अटो शो भदौ १४ गतेसम्म सञ्चालन हुनेछ।

नेपालकै ठूलो मोबिलिटी मेलाका रूपमा प्रस्तुत गरिएको प्रदर्शनीमा दुई सयभन्दा बढी स्टल रहेका छन्। मेलामा २३ वटा चारपाङ्ग्रे यात्रुवाहक ब्रान्ड, १७ वटा साना तथा मझौला व्यावसायिक सवारीसाधनका ब्रान्ड र १३ वटा दुईपाङ्ग्रे ब्रान्ड सहभागी छन्। यस्तै, पार्ट्स, टायर, ब्याट्री, ल्युब्रिकेन्ट, चार्जिङ पूर्वाधार तथा ग्यारेज उपकरणसँग सम्बन्धित करिब ७० कम्पनी तथा १० वटा बैंक, वित्तीय संस्था र बीमा कम्पनीको सहभागिता रहेको छ।

पाँच दशकमा नेपाली अटोमोबाइल क्षेत्रले उल्लेख्य विस्तार गरेको नाडाले जनाएको छ। हाल नेपालमा करिब ५५ लाख सवारसाधन दर्ता भएका छन्। पछिल्लो समय विद्युतीय सवारीसाधनको प्रयोगसमेत बढ्दै गएको छ। नेपालमा करिब ६३ हजार विद्युतीय सवारीसाधन भित्रिइसकेको र करिब दुई हजार चार्जिङ स्टेसन निर्माण भइसकेको तथ्यांक नाडाले सार्वजनिक गरेको छ।

स्वर्ण जयन्ती संस्करणको अटो शोमा नयाँ सवारीसाधन, विद्युतीय प्रविधि तथा मोबिलिटीसँग सम्बन्धित सामग्री अवलोकन गर्न उपभोक्ताको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ।

## नाडा अटो शोमा ‘मेड इन नेपाल’को प्रदर्शन



काठमाडौं- काठमाडौंको भृकुटीमण्डपमा आजदेखि सुरु भएको १८औं नाडा अटो शो २०२६ यसपटक आयातित सवारसाधनको प्रदर्शनीमा मात्र सीमित हुने छैन। आयोजकले नेपालमै उत्पादन तथा एसेम्बल भएका अटोमोबाइलजन्य सामग्रीलाई समेत विशेष स्थान दिएपछि मेलामा स्वदेशी उत्पादन मुख्य आकर्षण बन्ने भएको छ।

नाडाका अनुसार प्रदर्शनीमा ‘मेड इन नेपाल’ पेभेलियनमार्फत आठवटा स्वदेशी उत्पादन राखिएका छन्। एसटीसी राइड एन्ड इनर्जी, एसियन ब्याट्रिज, नेपाल ल्युब आयलको गल्फ, पूर्वाञ्चल ल्युब आयलको पीएलओ, कोहिनुर प्लास्टिक इन्डस्ट्रिजको केपीआई हेल्मेट, ल्युब भिस्टाको डकह्याम्स, ग्रिन टायर र सिप्रदीको यात्री स्कुटर प्रदर्शनीमा राखिएका छन्।

नेपालमा पछिल्लो समय सवारीसाधन एसेम्बल तथा अटोमोबाइलजन्य सामग्री उत्पादनको गतिविधि बढिरहेका बेला नाडाले स्वदेशी उत्पादनलाई एउटै ठूलो मञ्चमा प्रस्तुत गरेको हो। यसबाट नेपाली उत्पादनको क्षमता, गुणस्तर र बजार सम्भावनाबारे उपभोक्ताले प्रत्यक्ष जानकारी पाउने अपेक्षा गरिएको छ। विशेषगरी नेपालमै विकास तथा उत्पादन गरिएको यात्री स्कुटरलाई यसपटकको प्रदर्शनीमा महत्वपूर्ण आकर्षणका रूपमा हेरिएको छ। त्यस्तै, नेपाली बजारमा उत्पादन हुँदै आएका टायर, ल्युब्रिकेन्ट, ब्याट्री र हेल्मेटलगायत सामग्रीसमेत प्रदर्शनीमा छन्।

नाडा अटो शोमा दुई सयभन्दा बढी स्टल रहेका छन्। २३ वटा चारपाङ्ग्रे, १७ वटा हलुका व्यावसायिक र १३ वटा दुईपाङ्ग्रे सवारीसाधनका ब्रान्डसँगै पार्टपुर्जा तथा अटोमोबाइलसम्बन्धी करिब ७० कम्पनी सहभागी छन्।

स्वदेशी उत्पादनलाई ठूलो प्रदर्शनीमा स्थान दिइनुले नेपालमा अटोमोबाइल क्षेत्रमा भइरहेको स्थानीयकरण र उत्पादनको सम्भावनालाई थप उजागर गर्ने व्यवसायीहरूको विश्वास छ। यसले आयातमा निर्भर बजारलाई क्रमशः स्वदेशी उत्पादनतर्फ लैजान र नेपाली ब्रान्डको पहिचान विस्तार गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## जनकपुरमा प्रोटोनको १०औँ सोरुम




जनकपुर- नेपालका लागि प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले जनकपुरमा आफ्नो नयाँ आधिकारिक बिक्री केन्द्र सञ्चालनमा ल्याएको छ। बिक्री केन्द्रको शुभारम्भसँगै कम्पनीले ‘द अल-न्यू प्रोटोन इ.मास ५’ विद्युतीय गाडी सार्वजनिक गरेको छ।

नेपालमा प्रोटोन ब्रान्डको दोस्रो विद्युतीय सवारीका रूपमा इ.मास ५ सार्वजनिक गरिएको हो। कम्पनीका अनुसार यसले सहरी जीवनशैली तथा दैनिक यात्रालाई सहज, स्मार्ट र आधुनिक बनाउने लक्ष्य राखेको छ।

प्रोटोन इ.मास ५ ले हालै मलेसियामा आयोजित ‘अलियान्ज डीएसएफ भेहिकल अफ द इयर अवार्ड्स २०२६’ मा ‘इलेक्ट्रिक कम्प्याक्ट भेहिकल अफ द इयर २०२६’ को उपाधि जितेको कम्पनीले जनाएको छ। गाडीलाई अत्याधुनिक प्रविधि, स्मार्ट सुविधा र बौद्धिक डिजाइनको संयोजनका रूपमा प्रस्तुत गरिएको छ।

इ.मास ५ मा १४.६ इन्चको स्पर्शपर्दा सूचना तथा मनोरञ्जन प्रणाली, ताररहित एप्पल कारप्ले तथा एन्ड्रोइड अटो जस्ता सुविधा छन्। त्यस्तै, ७० लिटरको अगाडिको सामान राख्ने स्थान, ३७५ लिटरसम्म विस्तार गर्न सकिने पछाडिको सामान राख्ने ठाउँ तथा ३२ वटा भण्डारण कक्ष रहेको कम्पनीले जनाएको छ।

## रोयल इन्फिल्डको नेपाली बजार लक्षित क्लासिक ३ सय ५० गोर्खा बाइक सार्वजनिक

काठमाडौं- रोयल इन्फिल्डले नेपालमा लोकप्रिय आफ्नो क्लासिक ३५० बाइकको गोर्खा एडिसन सार्वजनिक गरेको छ। पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीले बिहीबार एक समारोहबीच बाइक सार्वजनिक गरेका छन्।

नेपाल र गोर्खा पहिचानलाई जोडेर तयार पारिएको यो विशेष संस्करण नेपाली बजारका लागि मात्रै ल्याइएको कम्पनीले जनाएको छ। बाइकको मूल्य ५ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

कम्पनीका अनुसार नेपालमा हाल ७५ हजारभन्दा बढी रोयल इन्फिल्डका मोटरसाइकल सडकमा गुडिरहेका छन्। नेपालमा रोयल इन्फिल्डका करिब १०० वटा क्लब तथा १० हजारभन्दा बढी राइडर आबद्ध समुदायसमेत छन्।

सम्बन्धित सेग्मेन्टमा नेपालमा रोयल इन्फिल्डको बजार हिस्सा करिब ९१ प्रतिशत रहेको कम्पनीको दाबी छ। नेपालको पर्यटन क्षेत्रमा समेत रोयल इन्फिल्डको बलियो उपस्थिति छ। पर्यटनका प्रमुख गन्तव्यमा मोटरसाइकल रेन्टल व्यवसाय विस्तार हुँदै जाँदा ५० भन्दा बढी रेन्टल व्यवसाय र ५ हजारभन्दा बढी रोयल इन्फिल्ड मोटरसाइकल यो इकोसिस्टममा सक्रिय रहेको कम्पनीले जनाएको छ।

गोर्खा सैनिकसँग रोयल इन्फिल्डको ऐतिहासिक सम्बन्धलाई समेत नयाँ संस्करणमा समेटिएको छ। कम्पनीका अनुसार डिजाइन तयार गर्ने क्रममा लोगोको प्लेसमेन्टदेखि मोटरसाइकलको लुक्स र अन्य सूक्ष्म विवरणमा विशेष ध्यान दिइएको थियो। सुरुमा डिजाइनलाई लिएर केही प्रश्न उठे पनि आवश्यक परिमार्जनपछि अन्ततः नेपाली बजारका लागि क्लासिक ३५० गोर्खा एडिसन उत्पादन गरिएको हो।

नेपाली सडक, गोर्खा सैनिकको इतिहास र रोयल इन्फिल्डको विरासतलाई गोर्खा एडिसनका नाममा एउटै मोटरसाइकलमा जोड्ने प्रयास गरेको कम्पनीले जनाएको छ

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार